# प्रभाव दैनिक

National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १३४ | काठमाडौं | मंगलबार, १८ भदौ २०८१ | Prabhab National Daily | Tuesday, September 03, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## डेंगीका बिरामी साढे ६ हजार नजिक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** देशभर डेंगीको संक्रमण बढ्दै गएको पाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार देशभरि डेंगीका बिरामीको संख्या छ हजारभन्दा बढी पुगेको छ । डेंगी रोगको संक्रमण हुम्ला र मुस्ताङबाहेक सबै जिल्लामा डेंगी रोगको संक्रमण देखिएको छ ।



- हुम्ला र मुस्ताङबाहेक सबै जिल्लामा डेंगी
- सबैभन्दा बढी संक्रमित गण्डकी प्रदेशमा, उपत्यकामा ६८० जनामा डेंगी
- हरेक शुक्रबार 'लामखुट्टे खोज र नष्ट गर' अभियान
- सरकारी अस्पतालमा डेंगी रोगका बिरामीलाई निःशुल्क उपचार

महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले देशभर छ हजार ३४७ जनामा डेंगी रोगको संक्रमण देखिएको जानकारी दिए । डेंगी रोगको संक्रमणबाट तीन जनाको मृत्यु भइसकेको छ । यो सोमबारसम्मको तथ्यांक हो ।

चिकित्सकका अनुसार पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि मानिसलाई टोक्यो भने डेंगी रोग लाग्दछ ।

**गण्डकी प्रदेशमा सबभन्दा बढी**

डेंगी सबभन्दा बढी गण्डकी प्रदेशमा देखिएको छ । महाशाखाका अनुसार गण्डकी प्रदेशमा दुई हजार ९५४ जनामा संक्रमण पुष्टि भएको छ । कोशी प्रदेशमा ७९१ जना, मधेसमा १०० जना, बागमतीमा एक हजार ६२३ जना, लुम्बिनी ४४४ जना, कर्णालीमा ९३ जना र सुदूरपश्चिम प्रदेशमा ३४२ जना संक्रमित भएका छन् ।

**उपत्यकामा ६८० संक्रमित**

काठमाडौं उपत्यकामा ६८० जनामा डेंगी संक्रमण देखिएको छ । काठमाडौंमा ५११, भक्तपुरमा ६९ र ललितपुरमा १०० जनामा डेंगी संक्रमण देखिएको महाशाखाले जनाएको छ । वर्षाका बेला पानीका संकलन गरेर राख्ने र संकलन गरिएको पानीमा लामखुट्टे रहने र त्यही लामखुट्टेले टोक्ने भएकाले डेंगीको संक्रमण बढेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले डेंगी रोगको संक्रमण बढेपछि हरेक शुक्रबार सरकारी तथा गैरसरकारी कार्यालयमा र अस्पतालपरिसरमा सरसफाइ गर्नुको साथै 'लामखुट्टे खोज र नष्ट गर' अभियान सञ्चालन गर्न आग्रह गरेको छ ।

सरकारी अस्पतालमा डेंगी रोगका बिरामीका उपचार खर्च सरकारले व्यहोर्ने निर्णय गरेको छ ।

एनसेलको लाइसेन्स नवीकरण प्रकरण

# एनसेललाई 'किस्ताबन्दी'को सुविधा दिंदा राज्यमाथि अर्बौंको झेल

- एनसेललाई किस्ताबन्दी बक्यौता दस्तुर बुझाएर लाइसेन्स नवीकरण गर्न सुविधा दिने निर्णयमा प्रश्न
- विवादित निर्णयसँगै एनसेल पाँच वर्षलाई नवीकरण
- व्यवसायीको स्वार्थअनुकूल निर्णय गर्ने छवि बनाएका प्रधानमन्त्री ओलीले उही प्रवृत्ति दोहोर्‍याए
- किस्ताबन्दीमा नवीकरण दस्तुर बुझाउन स्वीकृति दिने विषय कानुनीरूपमा त्रुटिपूर्ण रहेको महालेखापरीक्षकको कार्यालयको भनाइ



■ **प्रभाव संवाददाता**

**काठमाडौं-** निजी क्षेत्रबाट सञ्चालित दूरसञ्चार सेवा प्रदायक एनसेलले किस्ताबन्दीमा लाइसेन्स नवीकरण गर्ने सुविधा पाएको छ । एनसेलका उच्च अधिकारीले किस्ताबन्दीको सुविधामा सहमत गराएसँगै सरकारले पाँच वर्षलाई नवीकरण गर्न दिने निर्णय गरेको हो ।

यही भदौ १३ मा बसेको मन्त्रिपरिषद् बैठकले एनसेलको लाइसेन्स नवीकरण गर्ने निर्णय गरेको थियो । सोही निर्णयबमोजिम मुलुकको दूरसञ्चार नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले एनसेलको लाइसेन्स पाँच वर्षका लागि नवीकरण गरेको छ ।

किस्ताबन्दीमा दस्तुर तिर्नेगरी नवीकरण गर्न दिने सरकारको निर्णयसँगै विभिन्न शंका उब्जिएका छन् । यसले एनसेलमाथि सर्वसाधारणले गर्दै आएको आशंकालेसमेत थप बल पाएको छ । अर्कोतर्फ किस्ताबन्दीमा दस्तुर बुझाउन दिने निर्णयले राज्यलाई अर्बौंको नोक्सानी पुग्ने तथा अनैतिक चलखेलको आशंकासमेत गरिएको छ ।

अस्वाभाविक सेयर कारोबार र किनबेचको चक्रमा परेपछि एनसेल विवादित बन्दै आएको छ । तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल विदेश भ्रमणमा रहेको बेला एनसेलको सेयर किनबेच अस्वाभाविक ढंगले भएपछि यसबारे धेरै प्रश्न उठे । सरकारले एनसेलको सेयर किनबेच अस्वाभाविक रहेकोबारे सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गर्‍यो । टंकमणि शर्मा नेतृत्वको समितिले अध्ययनपश्चात् एनसेलको सेयर कारोबार स्वाभाविक नरहेको प्रतिवेदन सरकारलाई बुझायो ।

साथै, एनसेलको लाइसेन्स नवीकरणका लागि विभिन्न सर्त र नवीकरण दस्तुर एकैपटक तिर्नुपर्ने भन्यो । एनसेलले भने किस्ताबन्दीमा नवीकरण दस्तुर तिर्नका लागि निरन्तर प्रयास गरिरहचो । अन्ततः केपी ओली नेतृत्वको वर्तमान सरकारले एनसेलको पक्षमा निर्णय गरिदिएको छ ।

**संसदीय समितिको त्यो जुहारी**

तत्कालीन प्रधानमन्त्री दाहालले संसदीय समितिमै उपस्थित भएर खरिद-बिक्री अस्वाभाविक रहेको भन्दै यसको बचाउ गर्ने वा अन्य कुनै पनि कुरामा सरकार नलाग्ने बताएका थिए । उनले निर्ममतापूर्वक कानुनको पालना गर्ने प्रतिबद्धता दोहोर्‍याएका थिए ।

दाहालले प्रधानमन्त्रीको हैसियतमा यस्तो जिकिर गर्दै गर्दा तत्कालीन प्रतिपक्षी दलको नेताको हैसियतमा एमाले अध्यक्ष केपी शर्मा ओलीले एनसेलको सेयर खरिद-बिक्रीमा सरकारको संलग्नता रहेको भन्दै सरकारमाथि दोषारोपण खुलेरै गर्ने गर्थे । ओली-दाहालबीच यो विषयमा सवालजवाफ नै चलेको थियो । त्यहीबेला सरकारले छानबिन समिति गठन गर्‍यो । छानबिन समितिले जस्तो राय दिन्छ त्यहीअनुसार अघि बढ्ने प्रतिबद्धता दाहाल सरकारको थियो । विभिन्न दबाब पर्न थालेपछि छानबिन समिति र नेपाल दूरसञ्चार प्राधिकरणको क्षेत्राधिकारभित्र सरकारले कुनै हस्तक्षेप नगर्ने सार्वजनिक प्रतिबद्धता दाहालले जनाउने गर्थे ।

(क्रमशः पृष्ठ २ मा)

### ओलीमाथि शंका !

प्रधानमन्त्री केपी शर्मा ओली पछिल्लो समय व्यापारीमैत्री निर्णय गर्नेको अग्रपंक्तिमा छन् । तत्कालीन समयमा पशुपतिको आनन्द होटलको विषय होस् वा नारायणहिटीको संरक्षित सुरुङमार्गमा व्यापारीको प्रवेश वा यती, ओम्नी, वाइडबडीजस्ता विषय नै किन नहुन्, ओलीको पालामा यस्ता निर्णय व्यापक भएको पाइन्छ । सार्वजनिकस्तरमा चल्ने विरोधले रोकिने भए पनि उनले धमाधम व्यापारीलाई यस्ता संरचनाको जिम्मेवारी दिने गरेका छन् ।

पछिल्लो समय नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड/ट्रंकलाइन सुविधा प्रयोग गरेबापत बक्यौता उद्योगीहरूबाट उठाउन खोज्दा ओलीले उद्योगीहरूकै पक्ष लिएको विषयले प्रधानमन्त्री ओलीको नियतमाथि नै प्रश्न उठेको थियो । यही सन्दर्भमा एनसेललाई किस्ताबन्दीमा दस्तुर बुझाउन सहुलियत दिएर नवीकरण गरिदिएका छन् । यो निर्णयले ओलीप्रति थप शंका बढाएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

# प्रस्तावित राजदूतको प्राथमिकतामा वैदेशिक रोजगार

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** संघीय संसद्को संसदीय सुनुवाइ समितिमा विभिन्न चार मुलुकमा प्रस्ताव गरिएका राजदूतहरूले आ-आफ्नो कार्ययोजना प्रस्तुत गरेका छन् । मलेसिया, पोर्चुगल, इजरायल र पाकिस्तानका लागि प्रस्तावित राजदूतहरू क्रमशः डा. नेत्रप्रसाद तिम्सिना, प्रकाशमणि पौडेल, धनप्रसाद पण्डित र रीता धितालले सोमबार समितिसमक्ष कार्ययोजना प्रस्तुत गरेका हुन् ।

राजदूत प्रस्ताव गरिएको पाकिस्तानबाहेक अन्य तीन मुलुक नेपालीहरूको श्रम गन्तव्य मुलुक हुन् । त्यहाँ जाने राजदूतले नेपालको वैदेशिक रोजगार र श्रम क्षेत्रलाई अनिवार्य सम्बोधन नगरे अपूरो हुन्छ । तसर्थ श्रम सम्बन्ध र रोजगारीका विषयलाई यसअघि देखि नै प्रस्तावित राजदूतहरूले कार्ययोजनामा समेट्दै आएका छन् ।

मलेसियाका लागि प्रस्तावित राजदूत डा. तिम्सिनाले समितिसमक्ष १५ पेज लामो कार्ययोजना पेस गर्दै नेपाल-मलेसियाबीचको कूटनीतिक सम्बन्ध, व्यापार सम्बन्ध, शिक्षा र प्रविधि सहयोग, पर्यटन र वैदेशिक लगानीका सम्भावना समेटेका छन् । उनले नेपालको प्रमुख श्रम गन्तव्य रहेको मलेसियासँगको श्रम सम्बन्ध र रोजगारीका सन्दर्भमा केही चुनौती रहेको भन्दै त्यसलाई कूटनीतिक हिसाबले समाधान गर्नुपर्ने बताएका छन् ।



डा. तिम्सिनाले श्रमिक, श्रम सम्बन्ध र रोजगारीका सम्बन्धमा थुप्रै बहुपक्षीय र द्विपक्षीय सन्धि सम्झौताहरू भएको भन्दै पछिल्ला दशकहरूमा आप्रवासन, श्रम सम्बन्ध र रोजगारीका विषयहरू कूटनीतिका महत्त्वपूर्ण विषय बनेको बताए । सन् २००१ देखि नेपालको मलेसियासँग औपचारिकरूपमा श्रम सम्बन्ध सुरु भएको भन्दै उनले नेपाली श्रमिकलाई मलेसियामा रोजगारी उपलब्ध गराउने कुरा नेपाल र मलेसियाको आपसी सहयोगको विषय रहेको बताए । मलेसियामा हाल लगभग सात लाख ५० हजार नेपाली श्रमिक कार्यरत रहेको अनुमानित आँकडा देखाए ।

उनले प्रस्तुत गरेको कार्ययोजनामा नमूना मानिएको मलेसियासँगको श्रम सम्झौतालाई थप बलियो बनाउन श्रम सम्झौतामा भएका प्रावधानलाई कार्यान्वयन गर्न दुवै देशको उच्चस्तरमा संवाद बढाउने, श्रम सम्झौतालाई नवीकरण गर्ने, मलेसिया सरकारले भिसा दिनेदेखि श्रमिक मलेसिया पुग्ने र कामको थालनी गर्ने समयसम्म अनुगमन गर्ने संयन्त्रको विकास गर्ने, दक्ष जनशक्तिका लागि सुरक्षित र प्रतिष्ठित कम्पनीहरूमा नयाँ अवसरहरूको खोजी गर्ने, मलेसियाका कम्पनीहरूले नै सेवा शुल्क दिने सुनिश्चित गर्ने संयन्त्र निर्माण गर्ने, श्रमिक भर्ना प्रक्रिया पारदर्शी र सहज बनाउन रोजगारदाता र नेपालका म्यानपावर कम्पनीबीच सीधा समन्वय गर्ने संयन्त्रको विकास गर्ने, कल्याणकारी कोषहरूमा श्रमिकको पहुँच बढाउने, मलेसियामा नेपाली श्रमिकलाई सेवा प्रदान गर्न विभिन्न ठाउँमा सेवा केन्द्र राख्ने र श्रम तथ्यांकको उचित व्यवस्थापन गर्नेलगायतका विषयवस्तु समेटिएका छन् ।

'नेपालको परराष्ट्र नीति २०७७ ले वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउन लिएको नीतिअनुसार कूटनीतिक संवाद र सहकार्यमार्फत नेपाली श्रमिकको पेसागत हकहित, सुरक्षा, सामाजिक सुरक्षा एवं मर्यादित रोजगारीको प्रत्याभूति गराउने चुनौतीलाई सम्बोधन गर्न प्रयत्नरत रहने छु,' डा. तिम्सिनाले भने ।

त्यसैगरी पोर्चुगलका लागि प्रस्ताव गरिएका राजदूत पौडेलले पनि समितिसमक्ष नौ पेज लामो कार्ययोजना पेस गरेका छन् । उनले कार्ययोजनामा आफ्नो नाम राजदूतमा अनुमोदन भए अनुभव, क्षमता र समयको पूर्णउपयोग गर्दै नेपाल र नेपालीको प्रतिष्ठा अभिवृद्धि तथा पारस्पारिक सहयोगका माध्यमबाट नेपालको आर्थिक समुन्नतिको मार्ग पहिल्याउने कार्यमा सदा दत्तचित्त रहने प्रण गरेका छन् । पौडेलले विभिन्न क्षेत्रलाई सम्बोधन गर्दै बनाएको कार्ययोजनामा वैदेशिक रोजगारलाई पनि विशेष प्राथमिकता दिएका छन् । उनले समितिसामु पोर्चुगलमा नेपाली श्रमिकहरूका लागि श्रमबजारको सम्भाव्यता खोजी गर्ने बताए ।

(क्रमशः पृष्ठ २ मा)




पृष्ठ १ बाट क्रमशः

## एनसेललाई ...

एनसेलबारे विभिन्न विवाद चलिरहेको बेला छानबिन समितिले प्रतिवेदन सरकारलाई बुझाएपछि सेयर खरिद-बिक्री स्वाभाविक नदेखिएको एनसेलको सेयर खरिद-बिक्री अध्ययन तथा छानबिन समितिका संयोजक टंकमणि शर्माले बताएका थिए ।

**निर्णयमा उलटफेर**

छानबिन समितिको प्रतिवेदनपछि सरकारले नवीकरणका लागि विभिन्न सर्तहरू राख्यो । जसमा आगामी पाँच वर्षभित्र एनसेलको सबै सम्पत्ति सरकारीकरण हुने, नवीकरण दस्तुर एकैपटक तिर्नुपर्ने, लाइसेन्सको अवधि रहने समयसम्म संरचनामा छेडखानी गर्न नपाइनेजस्ता थुप्रै प्रावधानहरू थिए । जुन कुरा तत्कालीन प्रधानमन्त्री दाहालको मन्त्रिपरिषद् बैठकले नै निर्णय गरेको थियो ।

त्यसपछि सरकार फेरिएर केपी ओली प्रधानमन्त्री बने । ओली प्रधानमन्त्री बनेपछि लाइसेन्सको अवधि सकिन लागेको एनसेलले अन्तिममा आएर किस्ताबन्दीमा रकम बुझाउने गरी नवीकरण गर्न पाउने भएको छ । सरकारले एनसेललाई किस्ताबन्दीमा १० प्रतिशत थप गरेर रकम बुझाउने सुविधा दिएको ओली सरकारका प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताएका छन् ।

सरकारको यो निर्णय कानुनीरूपमा त्रुटिपूर्ण देखिएको छ । महालेखापरीक्षकको कार्यालयले किस्ताबन्दीमा नवीकरण दस्तुर बुझाउन स्वीकृति दिने विषय कानुनीरूपमा त्रुटि हुने बताएको हो । महालेखाले किस्ताबन्दीको रकमले मुद्रास्फीतिका कारण त्यो रकमले खास उपादेयता दिन नसक्ने भन्दै प्रश्न उठाएको थियो । महालेखाको उक्त प्रश्नलाई बेवास्ता गर्दै सरकारले किस्ताबन्दीमा नवीकरण दस्तुर तिर्न दिने निर्णय गरेको छ ।

**एनसेलको चलाखी र सरकारको नीति**

नेपालको दूरसञ्चार क्षेत्रमा विदेशी लगानीमा समयसीमा तोकिएको छ । विदेशीको लगानी ५० प्रतिशतभन्दा बढी भए २५ वर्षपछि स्वतः सरकारको हुने प्रावधानकै कारण मलेसियन कम्पनी आजियाटा बाहिरिएको तथ्य लुकेको छैन । यही छेकोमा सतिशलाल आचार्यले एनसेलको सेयर तत्कालीन आजियाटाले किनेको ९६ प्रतिशत कममा खरिद गरेपछि यो विवाद सतहमा आएको थियो । एक डलरको अफसोर कम्पनीले एनसेलको सेयर किनेको विषयले हंगामा मच्चिए पनि ओली नेतृत्वको सरकारले विस्तारै फेरि एनसेललाई 'ट्र्याक चेन्ज' गरिदिने गरी कदम चाल्न थालेको देखिन्छ । एनसेलले अपनाएको चलाखीमा सरकार सारथि बन्दा नवीकरण दस्तुर किस्ताबन्दीमा टुंगिने भएको छ ।

**एनसेलको नजर कता ?**

एनसेलको लगानी सिंगापुरका स्थायी बासिन्दा सतिशलालको नाममा ८० प्रतिशत सेयर छ । २० प्रतिशत सेयर सतिशलालकी पत्नी भावनाको नाममा छ । यस्तोमा एनसेलको सेयर स्वामित्व फेरदबदल गर्न नपाउने गरी तत्कालीन दाहाल सरकारले गरेको निर्णयमा विस्तारै किस्ताबन्दीपछि सेयर स्वामित्व फेर्ने विषयमासमेत वैदेशिक लगानीलाई प्रभाव पारेको नाममा फेर्ने काम हुने विश्लेषण हुन थालेको छ । यस्तो भएमा सतिशलालले अति कम मूल्यमा किनेको सेयर पत्नी भावना वा अन्य कुनै व्यक्ति खडा गरेर कम मूल्यमा बेच्दै एनसेललाई सरकारको स्वमित्वमा जानबाट रोक्ने सम्भावना बलियो देखिन्छ ।

## प्रस्तावित ...

त्यहाँ दूतावासको भवन स्थापना गर्नु पहिलो प्रथमिकता रहेको उल्लेख गरे । दूतावास स्थापनापश्चात् राहदानी नवीकरण, कन्सुलर प्रमाणीकरण, श्रम स्वीकृतिसम्बन्धि सेवाहरू उपलब्ध गराउन पहलकदमी लिने पौडेलले बताए । श्रम कूटनीतिमार्फत नेपाली दक्ष जनशक्तिका लागि उच्च आय हुने रोजगारीको अवसर खोजी गर्ने, श्रम सम्झौताका लागि पहल गर्ने, नेपाली श्रमिकको सुरक्षालगायत यससम्बन्धमा नेपाल सरकारबाट प्राप्त निर्देशनअनुरूपको कार्य गर्ने पौडेलको कार्ययोजनामा समेटिएको छ ।

त्यसैगरी इजरायलका लागि प्रस्तावित राजदूत पण्डितले समितिसमक्ष आफ्नो नाम अनुमोदन भए बृहत्तर राष्ट्रिय स्वार्थ र हित अभिवृद्धि हुनेगरी नेपाल र इजरायलबीचको द्विपक्षीय सम्बन्धलाई सुदृढ एवं मजबुत बनाउन प्रयत्नशील हुने बताए । उनले आफ्नो कार्ययोजनामा वैदेशिक रोजगारी र श्रम सम्बन्धलाई पनि नयाँ उचाइमा लाने गरी कार्य गर्ने उल्लेख गरेको बताए । पण्डितको कार्ययोजनामा इजरायलको श्रम बजार र नेपाली जनशक्तिको आपूर्ति क्षमता हेरी कृषि, केयर गिभिङ, निर्माण, पर्यटनलगायतका अन्य क्षेत्रमा पनि रोजगारीको अवसर खोजी गर्ने, इजरायलमा कार्यरत नेपाली श्रमिकको व्यक्तिगत तथा रोजगारीको सुरक्षा एवं हकहित प्रवर्द्धनका लागि पहल गर्ने, विपिन जोशी अझै पनि हमासको कब्जामा रहेकाले उनको रिहाइका लागि पहल गर्ने, इजरायली कम्पनीहरूलाई नेपालबाट 'आउटसोर्सिङ' गर्नका लागि उत्प्रेरित गर्नेलगायतका रोजगारीसँग सम्बन्धित विषयवस्तु उल्लेख गरिएको छ ।

---

# Belbari Municipality
## Office Of The Municipal Executive
**Belbari, Morang**
**Koshi Province, Nepal**

## INVITATION FOR SEALED QUOTATION

***(First Published Date: 09-03-2024)***

1. The Belbari Municipality, Morang invites sealed quotations from registered Suppliers for the Supply and Delivery of Medicines and medicinal products.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the PPMO website www.bolpatra.gov.np.
3. Items in the BoQ from No 1 to 65 are non-vatable and they will be evaluated without adding VAT during the evaluation.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S. N. | Contract No. | Description | Estimated Amount (With VAT) | Bid document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | BM/MOR/SQ-01-2081-082 | Supply and Delivery of Medicines and medicinal products | Nrs 4918213.30 | Nrs 1000/- | Nrs 125000/- | |

**Chief Administrative Officer**

---

# चुरे गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**घरखेडा, कैलाली**

## क्याटलग सपिङ विधिबाट Backhoe Loader खरिद सम्बन्धी खरिद प्रस्ताव आह्वानको सूचना

**प्रस्ताव नं CRM/Goods/CS/01/081/082**
**प्रथम पटक प्रकाशन मिति २०८१।०५।१८**

यस कार्यलयको मिति २०८१/०४/२४ को कार्यपालिकाको निर्णय अनुसार यस कार्यालयका लागि आवश्यक पर्ने Backhoe Loader सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा (१) को खण्ड (क) को नं (८) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) र उत्पादक वा अधिकारिक विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि २०७४ बमोजिम खरिद गर्नुपर्ने भएकाले तपसिल अनुसारको Backhoe Loader विक्री गर्न चाहने उत्पादक वा अधिकारिक विक्रेताहरुले आफ्नो फर्म दर्ता/एजेन्सी/व्यवसायी दर्ता नविकरण, मु.अ.कर दर्ताको प्रतिलिपि, आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि वा कर चुक्ताको म्याद थप पत्र, अधिकारिक विक्रेताको पत्र समावेश गरि सोहि नियमावलीको नियम ३१ को ख को उपनियम २ बमोजिम Backhoe Loader को अधिकारिक स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न गरि यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन अर्थात मिति २०८१/५/२४ गते अपराहन्न ३ बजे भित्र यस गाउँपालिकाको कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्न हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै प्रस्ताव पेश गर्ने कम्पनि वा फर्मले मालसमान उत्पादन गर्ने कम्पनिको उत्पादनको विशेषता, गुणस्तर र सुविधाको आधारमा तय गरेको थोक विक्री मूल्य र सुविधा सवन्धित कम्पनीको कागजात (ब्रोसर) अनिवार्य राखी पेश गर्नुपर्ने छ ।

यस सूचनामा उल्लेखित बाहेक अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

| Notice Number | Type Of Vehicle | Quantity | Requirement |
|---|---|---|---|
| CRM/Goods/CS/01/081/082 | Backhoe Loader | 1.00 | As Mentioned in the technical specification |

नोटः विस्तृत विवरण स्पेसिफिकेसन यस कार्यालयको वेबसाइट https://churemun.gov.np/ मा राखिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

# भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आन्तरिक आयको ठेक्का सूचना

**प्रथम पटक प्रकाशित मिति – २०८१।०४।०३**
**दोश्रो पटक प्रकाशित मिति – २०८१।०५।१८**

भीमदत्त नगरपालिकाको देहाय बमोजिमका आन्तरकि आयका बहु-बर्षिय ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपने भए को हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८१।०५।१८ का दिन सार्वजनिक खरिद नियम (४०) को उप नियम (२) बमोजिम सबै योग्य बोपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत बोलोपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गने अन्तिम मिति २०८१।०६।०४ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८१।०६।०४ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नुपर्नेछ ।

देहाय

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ.व. २०८०/०८१ को न्युनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| ४।आ.आ.। २०८१।०८२ | सडक अपभोग तथा मर्मत सेवा शुल्क कर संकलन गर्ने | ५७,४५,०००।०० | आ.व. २०८२।०८३ का लागि ठेक्का सम्झौता रकम आ.व. २०८१।०८२ को कबोल अंकमा १०% थम जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व. २०८३।०८४ का लागि ठेक्का सम्झौता रकम आ.व. २०८२।०८३ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

बिस्तृत जानकारीका लागि www.bolpatra.com/eGP-II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

---

# लर्ड बुद्ध कलेज (एमिटि ग्लोबल एजुकेशन)
सामाखुसी, टोखा-११ काठमाडौं

## भर्नाको लागी निवेदन दिने सम्वन्धी अत्यन्त जरुरी सुचना

**(सूचना प्रकाशित मिति : २०८१/०५/१८ गते)**

CTEVT बाट आ.ब. २०८१/२०८२ मा संचालित पुर्ण शुल्कीयका सामान्य चिकित्सा, डिप्लोमा इन फार्मेसी र डिप्लोमा इन फरेष्ट्री कार्यक्रमको प्रवेश परिक्षामा सम्मिलित भई बागमती प्रदेश कार्यालयले मुख्य उम्मेदवारका रुपमा छनौट गरी भर्ना सिफारिश भएका परिक्षार्थीहरु मध्ये देहायका कार्यक्रमहरुमा परिक्षार्थी भर्नाहुन नआई सामान्य चिकित्सा तर्फ ८, डिप्लोमा इन फार्मेसी तर्फ ७ र डिप्लोमा इन फरेष्ट्री तर्फ ३३ सिट रिक्त रहेकोले डिप्लोमा इन फार्मेसी बिषयको हकमा यसै कलेजको बैकल्पिक सुचीबाट र डिप्लोमा इन फरेष्ट्री कार्यक्रमको हकमा देशभरीमा जुनसुकै कार्यक्रमको प्रवेश परिक्षा दिइ उतिर्ण भएका बिद्यार्थीले भर्ना गर्न वा प्रवेश परिक्षा दिन छुटेका बिद्यार्थीहरुले पुनः प्रवेश परिक्षा दिन पाउने र अन्य कार्यक्रमको हकमा देशभरीका DPH, HA, Nursing कार्यक्रमको उत्तिर्ण सुचीमा रहेका परिक्षार्थीहरुबाट यो सुचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रितपुर्वकको निवेदन दिनु हुन अनुरोध छ । अन्य कुरा भर्ना सम्बन्धी निर्देशिका, २०८१ को दफा २४ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**शिक्षालय प्रमुख**

---

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथमटक प्रकाशित मितिः २०८१/०५/१८**

यस कम्पनीको मिति २०८१/०४/२९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **डाँफे कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **माँ बज्रयोगिनि निर्माण एण्ड सप्लायर्स प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **माँ बज्रयोगिनि निर्माण एण्ड सप्लायर्स प्रा.लि.**(प्रा.लि.नं.२७२५४५) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

## परिचय पत्र हराएको सूचना

मिति २०८१/०५/१० गते बानेश्वरदेखि नक्साल जाने क्रममा हङकङको F015378 (4) नम्बरको परिचय पत्र हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : स्मिता सुब्बा**
**हङकङ परिचय पत्र नं.** F015378 (4)
**ठेगाना.: मध्यबानेश्वर मिलनचोक, काठमाडौँ**
**सम्पर्क नं. ९७०८५६४९८६**

---

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १३३ भदौ १७ गते २०८१ मा प्रकाशित Overseas Employment Pvt.Ltd. को LT.No. 309801 को विज्ञापनमा **युएई देश** हुनुपर्नेमा भुलवश अन्यथा हुन गएकोले सच्याइएको यो सूचना प्रकाशित गरिएको सम्पूर्ण सबैमा जानकारी गराइन्छ ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

---

# Changunarayan Municipality
## Changunarayan Hospital
**Changunarayan -04, Bhaktapur Bagmati, Nepal**

## INVITATION FOR BID

***Date of Publication: 2081/05/18***

1. Changunarayan Hospital, Changunarayan-04, Bhaktapur invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding procedures. Bidding is open to all eligible Nepalese Bidders.
2. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scannedcopy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of thebids. Information to deposit the cost of bidding document in Bank:
   *Name of Office: Changunarayan Aspatal, Changunarayan-04, Bhaktapur*
   *Name of the Bank: Nepal Bank Ltd. Kamalbinayak Branch*
   *Account no.: 01900107375899000001*
3. Information to Deposit the Bid Security Amount in Bank:
   *Name of Office: Changunarayan Aspatal, Changunarayan-04, Bhaktapur*
   *Name of the Bank: Nepal Bank Ltd. Kamalbinayak Branch*
   *Account no.: 01900107375899000001*
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Bidders can bid as a single contractor or in the form of joint venture of maximum of three contracting firms.
6. Changunarayan Municipality, Hospital Reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring any liability to Bidders.
7. Any additional matters not covered by this shall be in accordance with the prevailing Procurement Act 2063 and Procurement Regulation 2064 of the GON.

| S. N. | Contract No | Description of work | Estimate Amount (without VAT & P.S) | Bid Security Amount | Bid Validity period (days) | Payment of Non Refundable Amount | Bid submission date, time and place | Bid opening date, time and place |
|---|---|---|---|---|---|---|---|---|
| 1. | CM/Hospital/ 081/82 | Changunarayan Hospital ko lagi required Medicine kharid. | 75,33,723.93 | 2,00,000.00 | 90days / 120 days from last date of bid submission | 3,000.00 | Before 12.00 hour on 2081/06/18 at the office of Changunarayan Hospital, Changunarayan -04, Bhaktapur | After 13.00 hour on 2081/06/18 at the office of Changunarayan Hospital, Changunarayan-04, Bhaktapur |

**Administrative Officer**

# २९औं जलवायु सम्मेलनको तयारी सुरु

**काठमाडौं (प्रस)**- वन तथा वातावरण मन्त्रालयले आगामी नोभेम्बर ११ देखि २२, २०२४ मा अरजरबैजानको बाकुमा हुने जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं सम्मेलन (कोप-२९) को तयारी सुरु गरेको छ । मन्त्रालयले सोमबार काठमाडौंमा विभिन्न अन्तरसरकारी मन्त्रालय, विज्ञ, पत्रकार, गैरसकारी संस्थालगायत अन्य सरोकारवालाहरूसँग आगामी कोपको एजेण्डाका विषयमा छलफल गरेको हो ।

मन्त्रालयका अनुसार कोपको मस्यौदा मार्गचित्र तयार भएको र नेपाल पक्ष राष्ट्र भएको पेरिस सम्झौता तथा कोप-२८ को निर्णय बमोजिम सन् २०२५ को फ्रेब्रुअरीसम्ममा सन् २०३५ सम्मको नयाँ लक्ष्य राखी नेपालले पनि राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नुपर्ने छ ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले आगामी २९औं कोपमा विभिन्न सरोकारवालाबीच एकमत कायम गरी एजेण्डा तय गरिने जाानकारी दिए । 'आगामी कोपमा अन्तर्राष्ट्रिय मञ्चमा नेपालमा जलवायुजन्य विपद्ले ल्याएको बाढी पहिरोजस्ता प्राकृतिक विपद्को कुरा उठाउने छौं,' उनले भने, 'पेरिस सम्झौता कार्यान्वयनका लागि दबाब दिनेछौं ।'

जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लक्ष्य कार्यान्वयनका लागि विकास साझेदारको सहयोग अपरिहार्य रहेको उनको भनाइ छ । मन्त्रालयकी राज्यमन्त्री रूपा विकले पनि जलवायु परिवर्तनको समस्या विश्वव्यापी समस्याको रूपमा देखापरेको भन्दै यसको निराकरणका लागि पहल अगाडि बढाउनुपर्नेमा जोड दिइन् । उनले समन्वय र सहकार्यमामात्रै जलवायु न्यूनीकरण तथा अनुकूलनका कार्यक्रम कार्यान्वयन गर्न सकिने बताइन् ।

यसैगरी वन मन्त्रालयलका सचिव डा. गोविन्द शर्माले जलवायुजन्य हानिनोक्सानी कोषमा पहुँच पु्र्याउन आवश्यक रहेको बताए । 'कार्बन व्यापारबाट पनि कसरी फाइदा लिन सकिन्छ भन्ने विषयमा योजना बनाउनुपर्छ,' उनले भने, 'जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि अन्तरसरकारी निकाय, सबै तहका सरकार तथा विभिन्न सरोकारवालाबीचका समन्वय आवश्यक छ ।'

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. रोशन पोखरेलले जलवायुका समस्यालाई जनताको समस्यासँग जोडेर हेरिनुपर्ने बताए । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. दीपककुमार खरालले अन्तरसरकारी निकायबीच समन्वय नभए जलवायुका लक्ष्य हासिल गर्न नसकिने बताए ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव मुकुन्द निरौलाले विगतका कोपलाई समीक्षा गर्दै आगामी कोपको एजेण्डा तर्जुमा गर्न सुझाव दिएका छन् । कानुन, न्याय, तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटाले जलवायुसम्बन्धी बनेका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिए ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखाका प्रमुख डा. बुद्धिसागर पौडेलले २९औं कोपको पूर्वतयारी भइरहेको जाानकारी दिँदै आगामी कोपमा नेपालका तर्फबाट उठाउने एजेण्डामा जलवायु वित्तका एजेण्डालाई प्राथमिकता दिइने जानकारी दिए ।

## MAURITIUS मा रोजगार

कम्पनी : K N E CO. LTD
शहर : .........

पूर्व स्वीकृति मिति २०८१/०२/२१ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१७ LT. No. 305696 चलानी नं. ६०२२०४७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator | 35 | 45 | 16575 | ४७,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD**
License No.: 832/066/67
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu, Mobile: 9861045857, 9809732474
Tel: +977-1-4960523,4957731, Email : greliance010@gmail.com, globalreliance03@gmail.com

## साउदीमा रोजगार

कम्पनी : TAL AZAZ RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ LT. No. 309975 चलानी नं.६०२२४५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOLIDAY INN KUWAIT ALTHURAYA CITY

पूर्व स्वीकृति मिति २०८०/१२/२७ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१७ LT. No. 303305 चलानी नं. ६०२१८०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 2 | 140 | ६०,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bellman | 5 | 1 | 120 | ५१,८९५ | | | | | | | |
| 3 | Cleaner/hotels | 20 | 10 | 100 | ४३,२४५ | | | | | | | |
| 4 | Commi I /Chef/Cook | 10 | 5 | 140 | ६०,५५५ | | | | | | | |
| 5 | Commi II /Chef/Cook | 10 | 5 | 125 | ५४,०५५ | | | | | | | |
| 6 | Commi III/Kitchen Helper | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 7 | Demi Chef De Partie | 5 | 0 | 175 | ७५,६८० | | | | | | | |
| 8 | Driver | 5 | 0 | 170 | ७३,५२० | | | | | | | |
| 9 | HK Attendant/Cleaner | 10 | 10 | 110 | ४७,५७० | | | | | | | |
| 10 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६५,१७५ | | | | | | | |
| 11 | Laundry Attendant | 10 | 5 | 120 | ५१,८९५ | | | | | | | |
| 12 | Life Guard | 2 | 2 | 140 | ६०,५५५ | | | | | | | |
| 13 | Pastry/baker | 5 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 14 | Receptionist/gsa | 3 | 5 | 135 | ५८,३८० | | | | | | | |
| 15 | Security Guard | 5 | 0 | 125 | ५४,०५५ | | | | | | | |
| 16 | Sous Chef | 2 | 0 | 500 | २१६,२३० | | | | | | | |
| 17 | Steward/dishwasher | 15 | 0 | 100 | ४३,२४५ | | | | | | | |
| 18 | Tailor | 2 | 0 | 140 | ६०,५५५ | | | | | | | |
| 19 | Technician | 4 | 0 | 160 | ६९,१९५ | | | | | | | |
| 20 | Waiter/waitress | 20 | 10 | 120 | ५१,८९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal.
श्रम ईजाजत नं. ३०१/०५९/०६० Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कतारमा रोजगार

कम्पनी : FAST BUILDER CONSTRUCTION
शहर : Qatar

पूर्व स्वीकृति मिति २०८०/१२/०२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१७ LT. No. 301717 चलानी नं. ६०२१६६५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1500 | ५४,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 2 | 0 | 1500 | ५४,६५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**प्रिज्म ओभरसिज इम्प्लाइमेन्ट प्रा. लि.**
श्रम ईजाजत नं. ३११/०५९/०६० वनस्थली-१६, काठमाडौं, नेपाल, फोन नं. ५९०४७२२, ५९०३७२३

## युएईमा रोजगार

कम्पनी : DHCN CONSTRUCTION L.L.C
शहर : Dubai

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ LT. No. 309925 चलानी नं.६०२२४५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labours | 25 | 0 | 1000 | ३६,६१० | | | | | | | |
| 3 | Mason (Nepal) | 25 | 0 | 1200 | ४३,९३० | | | | | | | |
| 4 | Steal Fixer | 25 | 0 | 1200 | ४३,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**APEX H.R. CONSULTANCY PVT. LTD.** (FUTURE SKILLS H.R. CONSULTANCY PVT.LTD.)
Govt. License No. 1200/073/74
Sinamangal-9, Kathmandu, Nepal, Tel.: +977-1-5920245, 5920245
E-mail: info@apexhr.com.np, Website: www.apexhr.com.np

## युएईमा रोजगार

कम्पनी : SHENYANG YOUNDA ALUMINIUM INDUSTRY ENGINEERING CO. LTD.
शहर : ........

पूर्व स्वीकृति मिति २०८१/०५/१७ LT. No. 309917 चलानी नं. ६०२२४५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Doors Maker | 8 | 0 | 1200 | ४३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Metal Sheet Worker | 2 | 0 | 1200 | ४३,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## युएईमा रोजगार

कम्पनी : TIRHAL EMPLOYMENT L.L.C
शहर : King of Galilee International Gen

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ LT. No. 309937 चलानी नं.६०२२४५९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason (Nepal) | 50 | 0 | 1200 | ४३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | professional (shuttering carpenter) | 25 | 0 | 1200 | ४३,९३० | | | | | | | |
| 3 | Steal Fixer | 25 | 0 | 1200 | ४३,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CHANDRA KAMANA MANPOWER PVT.LTD.** (A.D. CAREERS PVT.LTD.)
Govt. License No. 1405/074/75
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com

## युएईमा रोजगार

कम्पनी : UNITED INTERNATIONAL GROUP-MANPOWER RECRUITMENT DIVISION LLC
शहर : UAE

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ LT. No. 309924 चलानी नं.६०२२४५९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 60 | 0 | 1200 | ४३,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Assistant | 30 | 0 | 1200 | ४३,९३० | | | | | | | |
| 3 | Helper | 30 | 0 | 900 | ३३,००० | | | | | | | |
| 4 | Mason (Nepal) | 20 | 0 | 1200 | ४३,९३० | | | | | | | |
| 5 | Steal Fixer | 60 | 0 | 1200 | ४३,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**ASIA LINK SERVICES PVT. LTD.**
श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

## साउदीमा रोजगार

कम्पनी : BRUGE ALDAMMAM GENERAL CONTRACTING EST
शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ LT. No. 309971 चलानी नं.६०२२४५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६४,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : ALOMAIER TRADING & CONTRACTING CO is a closed joint stock company

पूर्व स्वीकृति मिति : २०८१/०२/२२ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१७ LT. No.305809 चलानी नं. ६०२२०५४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Road maintenance worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३६४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

## साउदीमा रोजगार

कम्पनी : ASALA MOROCCO RESTAURANT
शहर : Saudi Arabia

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ LT. No. 309891 चलानी नं. ६०२२४५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Worker | 2 | 0 | 1000 | ३५,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

# Damak Municipality
## Office of Municipal Executive
**Damak, Jhapa**
**Koshi Province, Nepal**

## INVITATION FOR ONLINE BIDS

*Date of publication: 2024-09-03 A.D. (2081-05-18 B.S.)*

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S. N. | Name of Project | Contract ID No. | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | Procurement of Surgical Items and CR X-Ray Film for Damak Hospital For FY 2081-82 | DMO/JHAPA/ HOSPITAL/ SUGRICAL/ 04/081-82 | Slice No. 1 (Surgical): 497000, Slice No. 2 (Xray CR Film): 95500 | 5000.00 | 120 DAYS | 2024-09-03 12:00 | 2024-10-03 13:00 |

2) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-580502 or may visit PPMO website www.bolpatra.gov.np/egp.

3) A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website www.bolpatra.gov.np/egp and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document and bid security in Bank is as follows:

| Bid Document Fee | Bid Security |
|---|---|
| Name of the Bank: **Rastriya Banijya Bank, Damak, Jhapa**<br>Name of Office: **Damak Municipality, Damak, Jhapa**<br>Account Name: **Aantarik Rajaswa Khata**<br>Account No.: **2140100301010002** | Name of the Bank : **Rastriya Banijya Bank, Damak, Jhapa**<br>Name of Office : **Damak Municipality, Damak, Jhapa**<br>Account Name: **Dharauti Khata**<br>Account No.: **2140100303000002** |

4) Pre-bid meeting shall be held at Damak Municipality, Damak, Jhapa as per mentioned in e-bid system.

5) If the last date of opening bid falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

6) There are two (2) distinct items listed in the Bill of Quantities, each to be evaluated separately as individual groups. Evaluation will be conducted based on the main categories: Surgical Supplies and X-ray CR Films. The first item pertains to surgical supplies, comprising 207 sub-items, and the second item pertains to X-ray CR films, including 2 sub-items. The supplier offering the lowest bid for each category will be awarded the respective contract. A detailed list of the goods to be supplied is provided in a separate form accompanying the bidding document. Suppliers are required to accurately complete, sign, and upload the form as part of their submission. The bidder may submit the bid for single or both categories.

7) For any further information, please refer to the bidding document contact at the office of Damak Municipality, Jhapa.

**Chief Administrative Officer**
**Damak Municipality**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### श्रमिकमाथिको शोषण बन्द गराऊ

देशबाट धमाधम युवाहरू पलायन हुने क्रम दिनानुदिन घटेको छ । मुलुकमा शान्ति स्थापनासँगै राजनीतिक स्थिरता र विकासतर्फ मुलुक अघि बढ्ने आम युवाहरूको अपेक्षा थियो । स्वदेशमै रोजगारीको अवसर पाएसम्म विदेशी भूमिमा पसिना बगाउन जाने रहर कसैको पनि हुँदैन । तर, राजनीतिक दलहरूको अक्षमता र स्वार्थकेन्द्रित राजनीतिका कारण न अपेक्षित स्थिरता आयो, न त विकासका कामले गति लियो । अन्ततः रोजगारीको अवसर खोज्दै विदेसिनुपर्ने बाध्यतामा वर्षौंदेखि नेपाली युवाहरू फसिरहेका छन् । दैनिक हजारौं युवा विदेसिन बाध्य छन् ।

यसरी रोजगारीका लागि विदेसिने युवाहरू पाइलैपिच्छे ठगिनुपर्ने अर्को विडम्बना छ । पासपोर्ट बनाउने ठाउँदेखि नै उनीहरूले सास्ती बेहोर्नुपर्छ । वैदेशिक रोजगारीमा पठाउने म्यानपावर कम्पनीलाई ठूलो रकम बुझाउनुपर्छ । सरकारले मलेसिया, खाडी मुलुकलगायत विभिन्न मुलुकमा जान 'फ्रि भिसा, फ्रि टिकट' लागू गरेको छ, तर त्यो कागजमा मात्र सीमित छ । बढीमा १० हजार रुपैयाँमात्र सेवा शुल्क उठाउन पाउने म्यानपावरले विदेश जाने श्रमिकसँग लाखौं उठाउँछ । अझ बिचौलियाको हात पर्दा उनीहरूको बेहाल नै हुन्छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिक लैजाने हवाई कम्पनीहरू पनि उनीहरूमाथि चर्को भाडा थोपरेर पीडित बनाउन लागिपरेका छन् । अन्तर्राष्ट्रिय हवाई शुल्क अचाक्ली महँगो पारिएको छ । यसको प्रत्यक्ष मारमा वैदेशिक रोजगारीमा जाने श्रमिकहरू परेका छन् । यहीबीच नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अन्तर्राष्ट्रिय हवाई उडानको भाडादरमा अस्वाभाविक वृद्धि र कृत्रिम अभाव सिर्जना गरी बाध्यतावश विदेसिने नेपाली कामदारमाथि चर्को आर्थिक भार थोपरेको भन्दै आपत्ति जनाएको छ । वैदेशिक रोजगारीका मुख्य गन्तव्य मलेसियालगायत खाडी मुलुकहरूमा उडान भर्ने एयरलाइन्सहरूले एकतर्फीरुपमा हवाई भाडामा अस्वाभाविक वृद्धि गरेको भन्दै संघले विरोध जनाएको हो ।

संघका अनुसार छ महिना अगाडिदेखि नै सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँदासमेत समस्या समाधान नभई निरन्तर अन्तर्राष्ट्रिय हवाई भाडा बढिरहेको छ । विदेशमा दुःख गरेर रेमिटचान्स पठाउने श्रमिकमाथि यसरी आर्थिक शोषण भइरहँदा सरकार के हेरेर बसेको छ ? मुलुक आर्थिक संकटमा पर्दा रेमिटचान्सले धानेको तथ्य सरकारले किन बिर्सिरहेको छ ? यो विषयलाई बेवास्ता गर्नु आपत्तिजनक छ । श्रमिकमाथि आर्थिक भार थोपर्ने कार्य बन्द गराउन सरकारले तत्काल पहल गरोस् । वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि भइरहेको शोषण बन्द गराइयोस् ।

# समाचारको 'डेडलाइन' अन्त्य गर्ने राससको २४ घण्टा सेवा



■ सिद्धराज राई

❝ चौबिसै घण्टा समाचार सेवाले अब नेपाली समाचार संस्थाहरूको पनि पहिलेजस्तो समाचार सम्प्रेषणमा 'डेडलाइन' तोकेर काम गर्नुपर्ने अवस्था अन्त्य हुने छ भन्ने विश्वास हो । साँच्चै भन्ने हो भने चौबिसै घण्टा समाचार सेवाले समाचारको डेडलाइन अब हुँदैन भन्ने मान्यतालाई स्थापित गर्ने छ । त्यसैले यो दिन नेपाली पत्रकारिताको इतिहासमा पनि युगान्तकारी परिवर्तनको दिन हुने छ । नेपाली पत्रकारिताको इतिहासमा राससको २४ घण्टा समाचार सेवा कोसेढुंगा सावित हुने छ ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन-२०७९ मा १० दिनसम्म २४ घण्टा सेवा सञ्चालन गरेको थियो । निर्वाचनका परिणाम अपडेट गरी सेवाग्राहीलाई तत्काल जानकारी दिन छोटो समयका सुरु गरेका थियौं । यतिबेला सेवाग्राहीबाट राम्रो 'रेस्पोन्स' पायौं । २०८० कात्तिकमा जाजरकोट-रुकुम भूकम्प गयो । यो भूकम्पले धेरै धनजनको क्षति गरेको छ । यो भूकम्पबाट ठूलो क्षति भएको विषयमा मध्यरातमा नै जानकारी आयो । तर, राससको समाचार सेवा बन्द भइसकेकाले समाचार दिन सकेनौं । यदि त्यसबेला राससको सेवा २४ घण्टा भएको भए राति समाचार गइसक्थ्यो । बिहान ६ बजे कुर्न पर्दैनथ्यो । त्यो बेला, राससले ४ बजेपछि सम्पादकहरूलाई झिकाएर समाचार 'अपडेट' गर्ने काम गरिएको थियो । रिपोर्टरहरूलाई झिसमिसेमै क्यामरा बोकाएर स्थलगत रिपोर्टिङका लागि खटायौं तर ढिलो समाचार अपडेट भएको यो घटनाले रासस व्यवस्थापनलाई नमीठो बनायो ।

हरेक वर्ष बाढीपहिरो र सवारी दुघर्टनाजस्ता प्राकृतिक विपत्तिका घटनामा रासस पछि परिरहेको अवस्था हो । यस्ता घटनामा विश्वभरिबाट नेपाली मिडियामा चासो बढिरहेको हुन्छ । तर, सेवा बन्द भएकाले समयमै समाचार सम्प्रेषण गर्न नसकिएको तीतो यथार्थ र अनुभूति रासस व्यवस्थापन र समाचार सेवामा रहेको छ । त्यस्तै ढिला गरी हुने राजनीतिक सहमति र विशिष्ट व्यक्तिहरूको विदेश भ्रमण र कार्यक्रमका समाचारसमेत २४ घण्टा सेवा नभएकै कारणले दिन सकेका थिएनौं । कुनै घटना र सन्दर्भ विशेषमा मध्यरातमा समाचार छपाउने व्यवस्था गरिदिनुपर्‍यो भन्ने अनुरोधलाई पूरा गर्न नपाएको दर्जनौं सम्झना रासस व्यवस्थापनसँग रहेको छ । वि.सं. २०८० मा नै संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको निधन, राप्ती नदीको पुलमा बस दुघर्टनालगायत केही घटनाहरूको 'कभरेज' गर्ने प्रयास गरे पनि त्यो तत्कालै हुन सकेको थिएन । यही कारण राससको व्यवस्थापनलाई २४ घण्टा सेवा सञ्चालन गर्नुपर्छ भनेर निरन्तर प्रयास गरेका हौं ।

रासससँग तत्काल सेवा सुरु गर्न हामीसँग कुनै स्रोत साधन थिएन र सक्ने अवस्था पनि थिएन र सञ्चालन गर्न सकेनौं तर रासस व्यवस्थापनले हार मानेन । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग हुने प्रत्येक बैठकमा २४ घण्टा सेवाका विषयमा कुरा राख्दै गर्‍यौं । मन्त्रालयका सबै तहतप्काका राजनीतिक नेतृत्व र कर्मचारी नेतृत्वसँग धेरै पटक औपचारिक र अनौपचारिक छलफल भए । छलफल सकारात्मक बन्दै गयो र अन्ततः हाम्रो प्रयास सफल भयो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आव २०८१/८२ को बजेटमा २४ घण्टा सेवा सञ्चालनका लागि २५ लाख बजेट विनियोजन गरिदियो । यही बजेटबाट सेवा प्रारम्भ भएको छ । भदौ ११ गतेदेखि नै परीक्षणका रूपमा सेवा सुरुआत भएको सेवा आज भदौ १७ गतेदेखि औपचारिकरूपमा सञ्चालनमा आएको छ ।

रासस स्थापना भएको ६३ वर्ष पुगेको छ । सगरमाथा संवाद समिति र नेपाल संवाद समितिलाई गाभेर २०१८ सालमा स्थापना भएको राष्ट्रिय संवाद समिति नै आजको राष्ट्रिय समाचार समिति (रासस) हो । काठमाडौंको नयाँसडकको एउटा कोठाबाट सुरु भएको रासस अहिले सुविधासम्पन्न बन्दै गएको छ । यस अवधिमा राससले अनेकौं कालखण्डलाई भोग्दै र त्यसैमा अनुकूलित हुँदै आएको यथार्थलाई भुल्न सकिँदैन । राज्यको आधिकारिक समाचार एजेन्सी भएकाले हरेक दिन सत्यतथ्य र विश्वासिलो समाचार सम्प्रेषण गर्नु राससको प्रमुख दायित्व हो । यो दायित्वलाई सीमित जनशक्तिको सहयोगमा बलबुताले भ्याएसम्म पूरा गरिरहेको छौं भन्ने हाम्रो विश्वास रहेको छ । वि.सं. २०४९ मा नेपाली, अंग्रेजी, अन्तर्राष्ट्रिय समाचार सेवा, तत्कालीन अवस्थामा १४ वटा अञ्चल कार्यालय र सामान्य प्रशासनका लागि कार्यालय सहयोगी र सवारी चालकसहित स्वीकृत भएको १६५ वटा कर्मचारी दरबन्दीबाट सेवा सञ्चालन गर्न आफैंमा कठिन रहेको छ तर पनि हामी सेवा क्षेत्र विस्तार गर्न निरन्तर क्रियाशील छौं ।

थोरै जनशक्ति रहे पनि राससले २०५६ सालदेखि आलेख सेवा २०६४ सालदेखि तस्बिर सेवा, २०६८ सालदेखि रेडियोहरूका लागि अडियो सेवा र २०७९ सालदेखि भिडियो सेवा सुरुआत गरेको छ । भिडियो सेवा सञ्चालनका लागिबाहेक सम्पूर्ण सेवामा राससमा रहेको पुरानो दरबन्दीमा रहेका कर्मचारीहरूलाई तालिम र क्षमता विकास गराएर सेवा सञ्चालन गर्दै आएको यथार्थ रहेको छ । २०८० माघदेखि सञ्चालन गरेको मातृभाषा समाचार सेवा र भदौ १७ गतेदेखि औपचारिकरूपमा सुरुआत गरेको २४ घण्टा समाचार सेवाका लागि भने सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सहयोग गरेको छ ।

मन्त्रालयको यही सहयोगका कारण आज राससलाई चौबिसै घण्टा समाचार सेवा दिने संस्थाका रूपमा स्थापित गर्न सफल भएका छौं । राससले आफ्ना सेवाग्राहीको मागलाई सम्बोधन गर्न, आफ्ना सेवाको थप विस्तार र विविधीकरण गर्न नेपाली समाचार सेवालाई चौबिसै घण्टा सञ्चालन गरेको हो । मौजुदा जनशक्तिलाई उत्प्रेरित र परिचालन गरेर यो सेवा थलानी भएको छ । भविष्यमा राससको मौजुदा दरबन्दी वृद्धि गरी जनशक्ति व्यवस्थापन गर्न मन्त्रालयको आवश्यक सहयोगको अपेक्षा छ । हाल दैनिक १७ घण्टा सेवा सञ्चालन गर्दै आएको राससको २४ घण्टा समाचार सेवाले अन्तर्राष्ट्रिय समाचार एजेन्सीको हाराहारीमा रासस उभ्याउन प्रयास भएको छ । यो दिन राससको इतिहासमा एक कालजयी दिनका रूपमा रहने छ । राससमा एउटा गर्विलो इतिहास निर्माण भएको दिनका रूपमा युगौंयुगसम्म स्मरण रहने छ ।

अब नेपाली समाचार सेवा र आमसञ्चारमाध्यममा समाचारको 'डेडलाइन' समाप्त भएको हामीलाई लागेको छ । चौबिसै घण्टा समाचार सेवाले अब नेपाली समाचार संस्थाहरूको पनि पहिलेजस्तो समाचार सम्प्रेषणमा 'डेडलाइन' तोकेर काम गर्नुपर्ने अवस्था अन्त्य हुने छ भन्ने विश्वास हो । साँच्चै भन्ने हो भने चौबिसै घण्टा समाचार सेवाले समाचारको डेडलाइन अब हुँदैन भन्ने मान्यतालाई स्थापित गर्ने छ । त्यसैले यो दिन नेपाली पत्रकारिताको इतिहासमा पनि युगान्तकारी परिवर्तनको दिन हुने छ । नेपाली पत्रकारिताको इतिहासमा राससको २४ घण्टा समाचार सेवा कोसेढुंगा सावित हुने छ । लोकतन्त्रको सुदृढीकरणका लागि सत्यतथ्य र सही सूचनाको निरन्तर सम्प्रेषण गर्दै आएको राससले राष्ट्र र नागरिकप्रतिको उत्तरदायित्व निर्वाह गरिरहेको छ । हामीले अहिले गरिरहेको काम र प्रयत्नले ती कुरालाई समेट्ने प्रयास गरेका छौं ।

आज राससले सुरुआत गरेको चौबिसै घण्टा समाचार सेवाले विश्वभर फैलिएका समाचारका पाठक/दर्शक मात्र होइन, नेपाली भाषाका सञ्चारमाध्यमलाई सहयोग पुगेको छ भन्ने विश्वास लिएका छौं । सूचना प्रविधिको विकासले विश्व धेरै सञ्चार संस्थाको सेवा धेरै पहिलेदेखि २४ घण्टामा गइसकेको छ । नागरिकको व्यस्त जीवनशैलीको कारण समाचारका लागि निश्चित समय कुर्नुपर्ने अवस्था हट्दै गएको छ । राससको यो सेवाले आमसेवाग्राही सञ्चारमाध्यमसँगै आमनागरिकको सूचना र समाचारको पहुँच वृद्धि हुने छ । सूचना र समाचार प्राप्त गर्ने अधिकारको रक्षा गर्ने छ भन्ने हामी लागेको छ । यो सेवालाई प्रभावकारी बनाउन सञ्चारमाध्यम र आमपाठकबाट सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेका छौं । प्राप्त सुझावका आधारमा सेवालाई थप परिस्कृत गर्दै अझ चुस्त र प्रभावकारी बनाउन हाम्रो प्रतिबद्धता रहेको छ । आगामी दिनमा राससको अंग्रेजी, अन्तर्राष्ट्रिय, तस्बिर, श्रव्यदृश्य समाचार सेवालाई पनि २४ घण्टा सञ्चालन गर्ने तयारी रहेको छ । यसका लागि आवश्यक आर्थिक र जनशक्ति व्यवस्थापनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सहयोग आवश्यक रहेको छ ।

रासस राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदार हो । हिजो थोरै मिडियाका लागिमात्र अति आवश्यक रासस आज आएर सबै मिडियाका लागि अपरिहार्यजस्तै बनेको छ । जब मुलुकमा आर्थिक, सामाजिक र राजनीतिक परिवर्तन र संकट आउँछ, त्यतिबेला राससको महत्त्व उचाइमा पुग्ने गरेको छ । यतिबेला नेपालका मिडियामा आर्थिक संकटबाट गुज्रिरहेको छ । त्यसैले रासस मुख्य सहयोगीका रूपमा उभिएको छ र सधैं उभिइरहने छ ।

*(लेखक राससका महाप्रबन्धक हुन्)*

## मननयोग्य

### चाणक्य नीति

गुरुका यस्ता वचन सुनेर अनायास नै विष्णुगुप्त (चाणक्य) लाई आफ्ना पिताको सम्झना आयो । उनलाई यस्तो लाग्न थाल्यो कि म अब आफ्नो प्रतिज्ञा अवश्य पूर्ण गर्न सक्छु ।

पण्डित राधामोहनले विष्णुगुप्तसँग भने- 'मेरा एउटा सहपाठी आचार्य पुण्डरीकाक्ष छन् जो आजकल तक्षशिलामा नै आचार्य पदमा छन । म उनका नाममा एउटा चिट्ठी लेखेर तिम्रो हातमा पठाइदिन्छु । ईश्वरले चाहे भने उनले तिम्रो प्रतिभाबाट प्रभावित भएर कुलपतिसँग तिम्रो प्रवेशका लागि अनुरोध अवश्य गर्नेछन् ।

अनि विष्णुगुप्त (चाणक्य) ले पत्र प्राप्त गरे र सहपाठीहरूसँग आँसु झार्दै झार्दै बिदाई र गुरूबाट आशीर्वाद लिएर तक्षशिलातिर प्रस्थान गरे ।

नम्रता र श्रद्धापूर्वक विष्णुगुप्तले भने- 'म अनाथ विष्णुगुप्त हुँ । विश्वविद्यालयमा विद्या आर्जन गर्ने इच्छा भएकाले हजुरका चरणको सेवा गर्न आएको हुँ र मैले राधामोहन गुरुजीबाट एउटा चिठी पनि ल्याएको छु' भनी चिठी आचार्यलाई दिए ।

चिठी हेरेर आउने व्यक्ति तेजिलो एवम् विलक्षण बुद्धिको भन्ने जानी खुसी भएर भने- 'मेरो काम प्रयत्न हो, ईश्वरले तिम्रो कल्याण गरून्, म प्रयत्न गर्छु, कुटीमा गएर विश्राम गर, बेलुका भेट हुन्छ अनि कुरा गरौंला' भन्दै आचार्यले एक शिक्षिकालाई नामले पुकार्दै खाने, बस्ने प्रबन्धको निर्देशन दिएर आफू पढाउने कक्षातिर लागे ।

प्राचार्य विद्यालयबाट फर्की आउँदा आपका रूखमुनि ढुंगामा बसी किताब पढिरहेका विष्णुगुप्तलाई देखी ज्यादै प्रभावित भए । वस्त्र बदली स्नान गर्न कुवातिर लागे । आचार्यले स्नानका लागि पानी निकालेको देखी विष्णुगुप्तले गुरुका हातको डोरी तान्दै भन्न लागे- 'गुरुका सेवामा म छँदाछँदै किन कष्ट गर्नुहुन्छ, मलाई हजुर पाल्नुभएको थाहा भएन, क्षमा पाऊँ, पानी म निकाल्छु ।'

क्रमशः




# आकाशजस्तै अटल 'बा' !

सेतै कपाल, क्रमश खुइलिएको तालु । चाउरिएको निधारमा ठाडो चन्दनको टीका अनि ढ्याप्रे पावरवाला चस्माले नाकको चुच्चोमा थिचिरहेको अनुहार । खासै कुनै चिन्ता लिएको हो जस्तो पनि नलाग्ने । अनि गहिरो चिन्ताले डुबाइरहेको जस्तो भाव छचल्किने ! बुढचौली शरीर उभिँदा आफैंले पनि सम्हाल्न कठिन भई कुप्रिएर कसैलाई हेर्न परे अग्लो घण्टाघरको घण्टीको समय हेरेजस्तो गर्नुपर्ने अवस्था छ । साँच्चै नै अधिकांश उमेर पाकेकाहरूको 'बा' ।

जन्मदिने बा (बुबा) । आकाश हुन् । गर्मीमा शीतल अनि जाडोमा ताप बासँगै छ । तर, आजकल धेरै बाहरूको आँखामा आँसु नछछल्किएर भित्रै लुकेर बसेको छ । बालाई आकाश भनिरहँदा आकाश भने भदौरे झरी बनेर रोइदिन्छ । कहिले पीडामा रुन्छ त कहिले खुसीमा रुन्छ । त्यो आकाशभन्दा पनि ठूला छन् बा ।

बाले जस्तै कठिन र कष्टकर अवस्थामा पनि आँसु खसालेनन् । वन डढेको त सबैले देखेकै छन् । तर बाको मन डढेको कसैले देख्दैनन् । किनकि त्यो रापिलो डढेलो सहनसक्ने हुन्, बा । खिस्स हाँसेर पीडा लुकाउनसक्ने हुन्, बा । जिम्मेवारीबाट कहिल्यै पन्छिन नसक्ने बा ।

डढेलो होस् वा वर्षाको डुबानमा निथ्रुक्कै भिजेर पनि सम्हालिने शक्तिशाली बा ! आफू महिनौं एकछाक वा भोकै बसेर पनि सन्तानका लागि खुसी देखाउनसक्ने बा ।

बा भोकै छन्, बा बिरामी छन् । बा चाउरी परेर सुकेको पातजस्तै भएका छन् बा । बिर्सने रोगले आफैंलाई चिन्न नसक्ने भएका छन् । रोगले ओछ्यानमा कोल्टे फेर्न नसक्ने अवस्थामा छन्, बा । पानी पिउँदा पनि घाँटीमा सर्कें अवस्थामा छन्, बा । तर पनि शक्तिशाली र खुसी देखिएका छन् बा ।

आखिर बा हुन् । भक्कानिएर आँसु झार्न सक्दैनन् । मनका वेदना कसैसँग पोख्न सक्दैनन् । छोरा थिए बा । नाति थिए बा । लोग्ने भए बा । ससुरा भए बा । हजुरबुवा भए बा । तर कठिन परिस्थितमा पनि विचलिन हुन सकेनन् बा ।

बाका लागि राज्य भएन । बाका लागि सरकार बनेन । बरु सरकारका लागि पटक-पटक कष्टकर जीवन बिताउनुपर्ने अवस्था आयो बाका लागि । दुर्भाग्य बन्दै छ । आज बाहरू विस्तारै एक्लिँदै छन् । घर रित्तो छ । बाको हातमा नीलो ठेलाका धर्साहरू खै कहिलेको हो देखिन थालेको छ । तर, पैतालामा काँडाले घोचिरहँदा पनि आँसु दबाएर हाँसो देखाउनसक्ने आकाश बा ।

आजकाल सबैका बा । खिन्न मन लिएर बसेका बा । किनकि बाको परिभाषा बदलिदिएका छन् । बाको महत्त्वलाई चुडालिदिएका छन् । बामाथि राजनीति गर्न थालेका छन् ।

बा आकाश हुन् । जसरी आकाश एउटै छ बा पनि एउटै हुन् । तर, अहिले झुण्ड-झुण्डमा बा । मण्डल-मण्डलमा बा । टोल-टोलमा बा त्यही भएर बाको मन रोएको छ । बा त कसरी सार्वजनिक होलान् र !

गाउँ रित्तो हुँदा बाले गाउँ छाडेनन् । सहर रित्तो बन्दै गर्दा पनि बाले सहर छाडेका छैनन् । देश रित्तो बनाइरहँदा पनि 'बा' ले देश छाडेका छैनन् । किनकि बा आकाश हुन् ।

आजकाल बाहरूको मनमा विद्रोह पलाएको छ । एक्लो महसुस गराएकै कारण पनि विद्रोह जन्माएको छ । हिमालका टाकुरामा हिउँझैं शिरमा सेतो कपासजस्तै कपाल बोकेर हिँडिरहेका बाको मनभित्रको वेदनालाई मलम लगाउने छोराछोरी छैनन् । सात समुन्द्रपारिको संस्कृतिले आँखा टपक्कै टालिदिएको छ ।

चाउरी परेको निधार खडेरीले चिराचिरा परेको खेतजस्तै भएको छ । भदौरे झरीले बलेसीमा छियाछिया पारेजस्तै बाको मन पनि छिया छिया पारेको छ । सायद बाका लागि सुनिदिने नभएर पो हो कि ? बा बुझिदिने नभएर पो हो कि ? बल र शक्ति हुँदासम्म सास न बाससँग होमिएका 'बा' हरूले के पाएँ ? के पाउँलान् ? आकाश भन्दैमा सधैं घाममात्र लाग्नुपर्ने हो र ? वर्षा पनि त हुनुपर्छ । सिरकभित्र गुम्सिएर आफ्नो पीडा आफैंसँग पोख्नेबाहेक विकल्प छैन रे, बासँग । देशकै लागि लडेका बा हरू आज त्यही देशकै कारण एक्लो नितान्त एक्लो वन्दै गईरहेका छन् रे ? हो नि ? सव छोरा बा नै हुन् भविष्यका । तिनै भविष्यका बाहरूले बाका मनमा काँडाले घोचिरहने हो भने मनमा बिझेको काँडालाई नझिकिदिने हो भने अव के हुन्छ होला ?

कुक्रुक्क परेर हिमालझैं अटल भन्दै शिरमा सेता हिउँ बोकेर बसिरहेका 'बा' का आँखामा आँसु छछल्किन थालेका छन् ! काँडा कुल्चिएर पैताला रक्ताम्मे हुँदा पनि साहस देखाएर किल्लामाथि हिँड्छु भन्ने बालाई कपासले पनि चिथोर्न थालेको छ । धमिलो आँखाले खै के ठम्याउन सक्ला र ? फेरि केटाकेटीजस्तै तोते तोते हुने बेला आएको छ । बालाई सामाजिक सञ्जालमा हैन मनभित्र रंगीन गराओस् भन्ने धोको छ । बालाई सेताम्य भएर पनि चिराचिरा परेको चाउरिएको अनुहार लिएर पनि त्यही साहसिक बा नै हुन मन छ । त्यसैले त 'बा' 'बा' नै हुन् । आकाश हुन् । नडगमाउने, सिंहझैं गर्जन गर्ने बा नै हुन् ।



**याक नाच** | मुस्ताङको घरपझोङ गाउँपालिका–५ ठिनीमा भदौरे मेलाअन्तर्गत आइतबार याक नाच प्रदर्शन गर्दै कलाकारहरू । वर्षा सकिएको र हिउँद सुरू भएको सन्देशका लागि विभिन्न सांस्कृतिक, धार्मिक कार्यक्रम गरेर ठिनीबासीले तीन दिनसम्म भदौरे मेला मनाउँछन् । *तस्बिरः सन्तोष गौतम⁄रासस*

# पुस्ता हस्तान्तरण नहुँदा नयाँले भुल्दै मगर भाषा

**गोरखा (प्रस)**- जिल्लाको सहिद लखन गाउँपालिका-१ बक्राङस्थित श्री थानीमाई आधारभूत विद्यालयमा गएको दुई वर्षअघिसम्म मगर भाषाको पढाइ हुन्थ्यो । मगर भाषाको संरक्षण र सम्वर्द्धन गर्न स्थानीय मगर समुदायको पहलमा पुस्तान्तरणको उद्देश्यले उक्त विद्यालयमा मातृभाषामा पठनपाठन हुन्थ्यो ।

करिब १० वर्षसम्म मगर भाषाको कक्षा सञ्चालन भएकामा अहिले भने पठनपाठन रोकिएको छ । यस क्षेत्रमा बक्राङको लोपा गाउँ, गालधूप, पीपलछाँप गैरीटोललगायत मगर समुदायको बाहुल्यता छ । यहाँका मगर समुदायका अभिभावकमध्ये करिब ८० प्रतिशतले मगर भाषा राम्रोसँग जानेका छन् । आफ्नो मातृभाषा पछिल्लो पुस्तालाई सिकाउन छोडेपछि मगर भाषा विस्तारै लोप हुँदै गएको स्थानीय वेदबहादुर थापामगरले बताए ।

विद्यालयमा कक्षा सञ्चालन गर्दा अभिभावक र विद्यार्थीले रुचि नदेखाएपछि निरन्तरता दिन नसकिएको विद्यालयका प्रधानाध्यापकसमेत रहेका थापामगरले जानकारी दिए । उनले भने, 'विद्यालयमा करिब ६० प्रतिशत मगर समुदायका बालबालिका पढ्छन्, अहिले अधिकांशलाई मगर भाषा बोल्न र लेख्न आउँदैन ।'

बालबालिकाको भविष्यका लागि मातृभाषाभन्दा पनि अंग्रेजी राम्रो हुनुपर्छ भन्ने सोचले मातृभाषा सिकाउनेतर्फ कसैले ध्यान नदिएका प्रअ थापामगरले बताए । 'मातृभाषा सिकाउनुपर्छ भन्दा सबैले मातृभाषाले केही गर्दैन बरु अंग्रेजी राम्रो भए देशविदेशमा गएर काम गर्न सक्छन् भनेर प्रतिक्रिया दिने गर्छन् । हामीले चाहेर मात्र नहुने रहेछ,' उनले भने ।

घरमा बुवाआमाले बोल्ने, छोराछोरीलाई नसिकाउने गरेकाले पछिल्लो पुस्ताले भाषा बुझ्न र बोल्न छोडेको मगर समुदायका अगुवा बताउँछन् । अहिले आफ्नो भाषा, संस्कृति र पहिचानलाई जर्गेना गर्नुपर्नेमा मगर संघ गोरखाका सदस्य वीरेन्द्र थापामगरले जोड दिए । 'मातृभाषाभन्दा अन्य भाषा सिकाएर विदेश पठाउने अभिलाषामा अभिभावक देखिन्छन्,' उनले भने, 'विदेशी हाम्रो भाषा संस्कृति हेर्न, अध्ययन गर्न आउँछन्, हामी भने हाम्रो भाषा संस्कृति भुल्दै गएका छौं ।'

पुस्ता हस्तारन्तरण नहुँदा भाषा तथा संस्कृति लोप हुँदै गएको जिल्ला समन्वय समितिका प्रमुख मोहनबहादुर थापामगरले बताए । घरमा अभिभावकले जानेपछि छोराछोरीलाई नसिकाउने, नेपाली भाषा कुराकानी गरिदिने, मातृभाषा बोल्न प्रत्साहन नगर्ने प्रवृत्तिले भाषासँगै संस्कृति लोप हुँदै गएको उनको भनाइ छ । उनले भने, 'यसलाई लोप हुन नदिन मगर समुदाय बढी सचेत हुनु आवश्यक छ ।'

# कमला पुल समयमा नबन्दा डुंगाकै भर

■ सुदिप राउत

**सिरहा-** पुल निर्माण गर्न ढिलाइ हुँदा कमला नदी तर्न डुंगाको भर पर्नु परेको छ । हुलाकी राजमार्गअन्तर्गत कमला नदीमा १३ वर्षअघि पुल निर्माण थालिए पनि अझै अधुरै छ । नदी तर्न सिरहा र धनुषाका बासिन्दा डुंगाकै सहारा लिन बाध्य छन् ।

बर्सेनि वर्षा सुरु भएसँगै कमला नदीमा पानीको बहाव बढ्दा यहाँ रहेको अस्थायी काठेपुल बाढीले बगाउने गरेको छ । बाढीका कारण स्थानीयवासी जोखिम मोलेर डुंगाको यात्रा गर्छन् । कमला नदी वारि घर र पारि खेतबारी भएकालाई एकमात्र विकल्प डुंगा बनेको छ ।

'घरमात्रै वारि हो, खेतबारी र गोठ पारि नै छ । वस्तुभाउलाई दानापानीको व्यवस्था गर्न दिनहुँ एकपटक त आउजाउ गर्नैपर्छ । हाम्रो जीवन त मर्नु न बाँच्नु भएको छ,' सिरहा नगरपालिका-६ का लिला यादवले पीडा पोखे । कमला नदीमा पक्की पुल निर्माण यहाँका नागरिकका लागि अतिआवश्यक छ । 'पुस्तौंपुस्तादेखि बाउबाजेले जुन दुःख र सास्ती खेपे, हाम्रा छोरानातिले यही सास्ती व्यहोर्न नपरोस्,' उनले भने, 'दैनिक कमला नदी वारपार गर्दा हैरानी र दुःखले चैनको सास फेर्न पाइएको छैन ।'

निर्माणाधीन अवस्थामै करिब तीन वर्षअघि कमला नदीको पुल भासिएको थियो । भासिएको उक्त पुलको करिब १० किलोमिटर दक्षिणतर्फ नेपाल-भारत सीमाक्षेत्र नजिक गत वर्षदखि झोलुंगे पुल सञ्चालनमा रहेको छ । तर, उक्त पुल पायक क्षेत्रमा नभएको स्थानीयको गुनासो छ । 'जहाँ पुल बन्नुपर्ने हो, त्यहाँ बनाइँदैन । जहाँ आवश्यक छैन, त्यहाँ बनाइन्छ । यो कस्तो विकास हो ? पुलले त दुवैतर्फका नागरिकको आवश्यकता पूरा गर्नुपर्ने हो,' डुंगामा मोटरसाइकल चढाएर सिरहाबाट घर फर्किंदै गरेका धनुषाको कमला नगरपालिका-५ का अरविन्द पासवानले भने । अपायक पर्ने ठाउँमा झोलुंगे पुल निर्माण गरिएकाले सिरहा र धनुषावासीको मन उक्त पुलले जोड्न नसकेको उनको भनाइ छ ।



सिरहाको साररश्वरनाथ घाटस्थित कमला नदीमा दैनिक चारवटा डुंगा वारपार गरिरहन्छन् । स्थानीयदेखि टाढा टाढासम्मका सयौं मोटरसाइकल यात्रु तथा पैदल यात्रुले डुंगाबाटै नदी तर्ने गरेका छन् । स्थानीयले मासिक तथा वार्षिकरूपमा केही अन्नपात डुंगा चलाउने माझीलाई बुझाउने गरेका छन् । टाढाटाढाका यात्रुले प्रतिमोटरसाइकलको १०० रूपैयाँ शुल्क तिर्ने गरेको माझी रामअवतार सहनीले जानकारी दिए । बाउबाजेदेखि गरिआएको पेसा भएकाले व्यवसायभन्दा पनि सामाजिक सेवा गरिरहेको उनले बताए ।

माझीले भने, 'चार दशकलेखि यहाँ डुंगा चलाइरहेको छु । बाउबाजेदेखिको पेसा नै यही हो । मेरो पनि यो जुनी डुंगा चलाउँदै बित्ला जस्तो । छोराहरूले पनि यही पेसा अंगालिरहेका छन् ।'

बिहान झिसमिसे नहुँदै कमला नदीको सारस्वरनाथ घाटछेउ पुग्ने र घाम डुबेपछि मात्रै फर्किने यहाँका माझीहरूको दिनचर्या बनेको छ । यीनैमध्येका अर्का हुन कमला नगरपालिका-७ का ७० वर्षीय रामसेवक सहनी । उनी उमेरले बूढो भए पनि जोस भने जवानसरह नै छ । कमला नदीमा पुल नबन्दा डुंगाकै भर पर्नुपरेको स्थानीयको भनाइ छ ।

हुलाकी सडकअन्तर्गत धनुषा-सिरहा जोड्ने कमला पुल निर्माण सम्झौता भएको १३ वर्षसम्म अधुरै छ । तीन वर्षअघि पुलको तीनवटा पिलर भासिएको थियो । वि.सं. २०६८ मा पुल बनाउन निर्माण व्यवसायी कम्पनी 'पप्पु कन्स्ट्रक्सन'ले ठेक्का पाएको थियो । तीन वर्ष छ महिनामा कमला नदीमा ४७० मिटर लम्बाइ र नौ मिटर चौडाइको पुल बनाइसक्ने निर्माण कम्पनीले सरकारसँग सम्झौता गरेको थियो । सात वर्षमा पनि कमलामा पुल निर्माण नभएपछि हुलाकी सडक निर्देशनालयले सम्झौता तोड्दै २०७८ असारसम्म निर्माण सक्नुपर्ने सर्त राख्दै अर्को निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स'लाई ठेक्का दियो ।

लुम्बिनी बिल्डर्सले पनि समयमा काम नसकेपछि अन्तिम पटक भनेर २०७८ फागुनसम्म पुलको काम सक्न पुनः म्याद थपियो । तर, २०७८ सालको असारमा आएको बाढीले निर्माणाधीन पुलको तीनवटा पिलर नै भासिएपछि निर्माण कार्य रोकिएको थियो । पुल निर्माणको म्याद आउँदो असारसम्मको छ । तर, निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवादले काम रोकिएको हुलाकी राजमार्ग निर्देशनालय जनकपुर कार्यालयका प्रमुख कृष्ण महतोले जानकारी दिए ।

'निर्धारित समयमै काम सम्पन्न गर्न निर्माण कम्पनीलाई ताकेता गरिरहेका छौं । तर, निर्माण कम्पनीले बाढीले भासिएको पुलको बिमा रकम १२ करोड ७० लाख रूपैयाँ दाबी गरे पनि बिमा कम्पनीले एक करोड ९३ लाख रूपैयाँमात्र दिएको भन्दै लुम्बिनी बिल्डर्सले काठमाडौं जिल्ला अदालतमा मुद्दा हालेको छ । त्यो मुद्दा दुई वर्षदेखि विचाराधीन छ । त्यसैले पुल निर्माणको काम रोकिएको छ,' प्रमुख महतोले भने ।

पुल निर्माणका लागि यहाँका स्थानीयले पटक-पटक आन्दोलन गरे पनि सुनुवाइ हुन सकिरहेको छैन । यही बीचमा सिरहाका केही युवा सोही क्षेत्रमा नयाँ पुलको माग गर्दै मधेस प्रदेश सरकारको मुख्यमन्त्री कार्यालय अगाडि आमरण अनशनसमेत बसे । मुख्यमन्त्री सतिशकुमार सिंहसँग प्रदेश सरकारले नयाँ पुल बनाउने सहमति गर्दै युवाले अनशन तोडे पनि पुल नबन्दासम्म निरन्तर संघर्ष गरिरहने अनशन बसेकामध्येका एक सिरहा नगरपालिका-६ का वडाअध्यक्ष इन्द्रजित यादवले बताए । उनले भने, 'मधेसको जीवनरेखासँग गाँसिएको कमला पुल जसरी पनि बन्नैपर्छ ।' *रासस*

# संस्कृति संरक्षण गर्न धाननाच स्तम्भ बनाइने

**फुङलिङ (ताप्लेजुङ)-** लिम्बू समुदायको ऐतिहासिक धान नाचलाई उजागर गर्न ताप्लेजुङ सदरमुकाम फुङलिङको तोक्मेडाँडामा 'ताक्वाचङ तक्मा याराक्मा तेन' नामक धाननाच स्तम्भ निर्माण गरिने भएको छ । किरात याक्थुङ चुम्लुङको पहलमा सो स्तम्भ निर्माण गर्न लागिएको हो ।

धाननाच लिम्बू समुदायको परम्परागत संस्कृति हो । यसले विगतमा युवायुवतीलाई एकीकृत गर्दै सांस्कृतिक सामूहिकता प्रदर्शन गर्न भूमिका खेल्थ्यो । तर, आधुनिकताको प्रभाव र समयको परिवर्तनसँगै धाननाच लोपोन्मुख अवस्थामा पुगेको छ । धाननाच स्तम्भ निर्माण गर्न करिब ५० लाख रूपैयाँ लाग्ने किरात याक्थुङ चुम्लुङ ताप्लेजुङकी अध्यक्ष इन्दिरा मेन्याङबोले बताइन् । लाखेजात्राका अवसरमा यो निर्माण कार्य सुरु गरिने छ ।

'तोक्मेडाँडाको भित्तामा निर्माण गरिने उक्त स्तम्भको पछाडिपट्टि कञ्चनजंघा र कुम्भकर्ण हिमालको दृश्य समावेश गरिने छ,' उनले भनिन् । स्तम्भको अगाडि धाननाच प्रस्तुत गर्दै गरेका दुई पुरुष र दुई महिलाको आकृति राखिने छ । प्रत्येक आकृति छ फिट अग्ला हुने छन् । यसले धाननाचको मौलिकतालाई प्रदर्शन गर्ने छ । धाननाच स्तम्भ निर्माण गर्न ३२ लाख रूपैयाँमा स्थानीय कालीगढसँग समझदारी भएको अध्यक्ष मेन्याङबोले बताइन् । स्तम्भ निर्माणस्थल वरिपरि सिँढी बनाइने छ र घेराबेरा गरेर स्थललाई आकर्षक बनाउन अतिरिक्त संरचना थपिने छन् ।

किरात याक्थुङ चुम्लुङका उपाध्यक्ष डम्बर पालुङवाका अनुसार, स्तम्भ निर्माणले लिम्बू समुदायको सांस्कृतिक सम्पदाको संरक्षणका साथै पर्यटन प्रवर्द्धनमा पनि मद्दत पुग्ने छ । 'स्तम्भ चार महिनाभित्र निर्माण सम्पन्न गर्ने योजना छ,' उनले भने । *रासस*


## साउदीमा रोजगार

कम्पनी : AL WATAN CONCRETE FACTORY COMPANY.
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309812 | चलानी नं.६०२२४५९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 17 | 0 | 1800 | ६४,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1283/074/75
BELIEVABLE OVERSEAS PVT.LTD.
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815
E-mail : believableoverseas@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEAUTY CARE SALON CO FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति २०८०/११/१० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/१७ | LT No :300419 | चलानी नं. ६०२१५५४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 0 | 5 | 140 | ६०,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 140 | ६०,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ganapati Overseas Pvt.Ltd.
Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9851023416,9851002766
Email: ganapatioverseas8093@gmail.com
श्रम ईजाजत नं. २५८/०५८/०५९

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०५।१४ गते काठमाडौं जिल्ला, का.म.न.पा.-२६ सामाखुसी ग्लोबल क्याफे अगाडि सडक किनारामा पार्किङ गरिराखेको अवस्थामा रातो, कालो रङ्को 220CC पल्सर मोटरसाइकल, अन्दाजी ९:३० बजेतिर हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

धनीको नाम : शिव बहादुर भण्डारी
बाइक नं.: बा.प्र. ०२-०४१ प ०५६३
च्यासिस नं.: MD2A13EX6MCJ97831
इन्जिन नं. : DKXCMJ32337
ठेगानाः जिल्ला काभ्रेपलाञ्चोक,तेमाल गा.पा.वडा नं.१ का.जि.टोखा न.पा.वडा नं.५ गोंगबु
सम्पर्कः ९८०१०३५४४०/९८४५११३८४५

## माइग्रेसन हराएको सूचना

मिति २०८१/०५/०१ गते विहानको ९:०० बजेको समयमा कोटेश्वरदेखि नयाँबानेश्वर जाने क्रममा जिल्ला सिन्धुली दुधौली न.पा. वडा नं.१२ बस्ने ईसारा बुढाक्षेत्रीको नाममा स्नातक तहको माइग्रेसन सानोठिमी भक्तपुरबाट जारी भएको निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : ईसारा बुढाक्षेत्री
रजिस्ट्रेसन.नं.: ७८३२००१०००५४
ठेगाना.: जिल्ला सिन्धुली, दुधौली न.पा.वडा नं.१२
हाल : इमाडोल, ललितपुर जिल्ला
सम्पर्क नं.९८२५८२२६६७

## एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
(प्रकाशित मिति: २०८१/०५/१८)

यस बैंकको निक्षेपकर्ता श्री मान बहादुर बोम्जनको छोरा बुहारी, श्री जित मान बोम्जनको श्रीमती, सर्लाही जिल्ला, हरविन नगरपालिका, वडा नं. ७ बस्ने श्रीमती सुन माया (ना. प्र. प. नं. ३६४१३१२०, जारी मिति २०४५/०१/१४ जारी जिल्ला सर्लाही) को ९८ वर्षको उमेरमा मिति २०८०/१२/१८ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा श्री चिन धोज बोम्जनले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा श्री चिन धोज बोम्जनको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## मनाङ वेभरेजेज प्रा. लि.

भ्याट नं.: ६०९७१६७०८
अन्तशुल्क इजाजत नं.: २२०१०१०६७९७

मनाङ डिस्याङ्ग गा.पा.-१, पिसाङ, भ्राताङ, मनाङ

**मनाङ वेभरेजेज प्रा. लि. द्वारा उत्पादित वाइनहरुको मूल्यसूची सम्बन्धी सूचना**

यस उधोगद्वारा उत्पादित निम्न ब्राण्डका वाइन नेपाल अधिराज्यभरी मिति २०८१/०५/१८ गते देखि लागु हुने गरि निम्न बमोजिम मुल्यमा विक्रि वितरण गरिने भएकोले सम्बन्धित सबैको जानकारिको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| ब्राण्डको नाम | प्याकेजिङ्ग | नेशनल डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | नेशनल डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | डिस्ट्रब्युटर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | होलसेल मुल्य मु.अ.कर समेत प्रति कार्टुन | होलसेल कमिशन मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर मुल्य मु.अ.कर समेत प्रति कार्टुन | रिटेलर कमिशन मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति कार्टुन | उपभोक्ता मुल्य मु.अ.कर समेत प्रति एकाई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Manang Valley Premium** *(Sweet)* | १२x७५० एम एल | ८९५०/- | ६५०/- | ९६००/- | ७००/- | १०३००/- | ५००/- | १०८००/- | १५००/- | १२३००/- | १०२५/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | १२x७५० एम एल | ८९५०/- | ६५०/- | ९६००/- | ७००/- | १०३००/- | ५००/- | १०८००/- | १५००/- | १२३००/- | १०२५/- |
| **Manang Valley Premium** *(Sweet)* | २४x३७५ एम एल | ९३७०/- | ६५०/- | १००२०/- | ७००/- | १०७२०/- | ५००/- | ११२२०/- | १५००/- | १२७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | २४x३७५ एम एल | ९३७०/- | ६५०/- | १००२०/- | ७००/- | १०७२०/- | ५००/- | ११२२०/- | १५००/- | १२७२०/- | ५३०/- |
| **Manang Valley Premium** *(Sweet)* | ४x४ लि. बक्स | १३०००/- | ९००/- | १३९००/- | ९५०/- | १४८५०/- | ६५०/- | १५५००/- | २१००/- | १७६००/- | ४४००/- |
| **Manang Valley Premium** *(Semi Sweet)* | ४x४ लि. बक्स | १३०००/- | ९००/- | १३९००/- | ९५०/- | १४८५०/- | ६५०/- | १५५००/- | २१००/- | १७६००/- | ४४००/- |

नोटः उल्लेखित मुल्यमा आवश्यकता अनुसार व्यापारिक एवं अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चहरु सोधभर्ना उपलव्ध गराउन सकिनेछ ।

# प्रभाव दैनिक

रूपशाला

मंगलबार, १८ भदौ २०८१ (Tuesday, September 03, 2024)


### 'दु:खी आत्मा'मा अनुपविक्रम

निर्माण क्रममै चर्चा रहेको फिल्म 'दुखी आत्मा' मा अभिनेता अनुपविक्रम शाही अनुबन्धित भएका छन् । २४ भदौबाट सुटिङ सुरू गर्न लागिएको फिल्ममा केही समयअघि नै दयाहाङ राई र आँचल शर्मा अनुबन्धित भइसकेका थिए । कथाको मागअनुसारको चरित्र चयन गर्ने क्रममा अनुपविक्रम फिट लागेकाले उनलाई लिइएको लेखक समेत रहेका निर्देशक दीपेन्द्र लामाले जानकारी दिएका छन् । क्लक वर्क क्रिएसन्सको ब्यानरमा हिमाल कडरिया निर्माता रहेको फिल्म आलोक शुक्लाले खिच्ने छन् । निर्देशक दीपेन्द्र र निर्माता हिमालले यसअघि निर्माण गरेको 'नाङ्गो गाउँ' सुपरहिट भएको थियो ।



## नवनियुक्त अध्यक्ष डिसीले सम्हाले कार्यभार

■ प्रभाव संवाददाता



**काठमाडौं–** दिनेश डिसीले चलचित्र विकास बोर्डको अध्यक्षको कार्यभार सम्हालेका छन् । सोमबार बिहान सञ्चारमन्त्रायलबाट नियुक्ति पत्र बुझेपछि डीसीले बोर्डको कार्यालय पुगेर पदभार ग्रहण गरेका हुन् । कार्यभार सम्हाल्दै अध्यक्ष डिसीले आफुले बोर्डमा नयाँ ढंगले काम गर्ने बताएका छन् ।

गत बिहीबारको मन्त्रिपरिषद् बैठकले डिसीलाई चलचित्र विकास बोर्डको अध्यक्ष नियुक्त गरेको थियो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले बोर्डको अध्यक्षका लागिआवेदन दिएका मध्येबाट तीन जनाको नाम सिफारिस गरेको थियो । जसमा डिसीसहित दीपा पाण्डे र राजेश थापा रहेका थिए । कार्यभार सम्हालेपछि अध्यक्ष डिसीले आफ्नो फाइदाको लागि आफूलाई कसैले प्रयोग नगर्न आग्रह गरेका छन् ।

पदभार ग्रहण गर्दै डिसीले आफूसँग भएको अन्तर्राष्ट्रिय र राष्ट्रिय सम्बन्धलाई राम्रो कामको लागि प्रयोग गर्न सकेमा व्यक्तिगत र पेसागत हितका लागि उपयोगी हुने भन्दै व्यक्तिगत प्रयोगको सट्टा सबैले मिलेर राम्रो काम गरे उद्योग पूरै फाइदामै जाने बताएका हुन् ।

उनले भने, 'मलाई युज नगर्नुस्, राम्रो गर्नुस् इन्डस्ट्री पूरै फाइदामा जान्छ, मसँग भएको अन्तर्राष्ट्रिय र राष्ट्रिय नेटवर्क र सम्बन्ध जुन छ ती सम्बन्धहरू यहाँहरूको गाडी चालकदेखि लिएर सदस्य सचिवज्यूसमेतले राम्रो कामको लागि प्रयोग गर्नुभयो भने व्यक्तिगत लगायत पेसागत हितका लागी पनि म उपयोगी हुन सक्छु, तर मलाई प्रयोग भएको महसुस भयो भने मेरो आमा शेर्पा हो भन्ने कुरा यहाँहरूलाई भन्न चाहन्छु ।'

## लघु चलचित्र 'मेरो बा' सार्वजनिक

**काठमाडौं (प्रस)–** कुशे औंशीको अवसर पारेर पिताको महत्व झल्काउने लघु चलचित्र 'मेरो बा' सार्वजनिक भएको छ । रमेश थापाको लेखन तथा निर्देशन रहेको यो लघु चलचित्र म्युजिक नेपालको युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।




सो लघु चलचित्रमा प्रभाकर न्यौपाने, विकास जोशी, अनुजा अधिकारी, मेघराज पौडेल, श्याम मगर, टेकबहादुर घले, दिपेन्द्र थापा, खगेन्द्र धामी, प्रान्जिल सापकोटाका अलावा बाल कलाकार रियांशी थापा र सन्तोष बटालाको अभिनय रहेको छ ।

संकल्प भुजेलको छाँयांकन रहेको यो लघु चलचित्रमा बालकृष्ण श्रेष्ठ र बिक्रम चिमौरियाको सम्पादन, सोम जिसीको मुख्य सहायक निर्देशन रहेको छ ।

तीजमा दर खाने चलनको बढ्दो विकृती, बाबुलाई छोराबुहारीले गर्नुपर्ने माया र सम्मानको कमीबाट उत्पन्न हुने कठिनाई यो लघु चलचित्रमा देखाइएको छ । आधुनिकताका नाममा अनपढ बाबु आमालाई त्यसपछिको पुस्ताले गर्ने व्यवहार राम्रो नभइरहेको अवस्थामा त्यसैको प्रतिनिधि कथामा लघु चलचित्र तयार गरिएको निर्देशक थापाले बताए ।

चन्द्र विनायक फिल्म्सको ब्यानरमा निर्माण गरिएको यो लघुचित्रकी निर्मात्री दिपा मल्ल थापा छन् ।

## 'रावायण'को आइटम गीत 'करेजा निकरी'मा निकिताको ठुम्का

■ प्रभाव संवाददाता



**काठमाडौं–** यही शुक्रबारबाट रिलिज हुने फिल्म 'रावायण'को आइटम गीत 'करेजा निकरी' सार्वजनिक भएको छ । गीतमा सोनु कक्कर र समिर चौरासियाको स्वर, प्रदीप श्रीवास्तवको शब्द र रेवन आरती सिंहको संगीत छ । गीतमा पल शाह, प्रकाश शाह, कैलाश रावल र निकिता चण्डकको नृत्य छ । विक्रम स्वारको कोरियोग्राफी रहेको गीतमा सुनिता श्रेष्ठको कष्ट्युम छ ।

गीतमा निकितालाई निकै ग्ल्यामर लुक्समा देखाइएको छ । कलाकार प्रकाशको तराईं मूलको गेटअप आकर्षक देखिएको छ । गीतमो बीचमा नायक पल शाहको प्रवेशले गीतको हाइप बढाएको छ ।

गीतमा अनामिक चौहानको म्यूजिक प्रोडक्सन र एरेन्ज, निरज सिंहको म्यूजिक सुपरभाइजर र साउण्ड डिजाइन, समिर चौरासिया, अमन सिंह, सिद्धार्थ मोघे, अथर्व वैद्यको ब्याकिङ भोकल, तपस रोयको प्लक्ड एण्ड स्टोर इन्स्ट्रुमेन्ट, निरज सिंह, फ्रान्को भाला र समीर चौरासियाको रेकर्डिङ इन्जिनियरिङ, निरज सिंह (कैलाश स्टुडियो, मुम्बई)को मिक्सिङ इन्जिनियर, गेथिन जोन(हाफोड मास्टरिङ(वेल्स, यूके)को मास्टरिङ इन्जिनियर छ । गीत भारतको मुम्बईस्थित कैलाश स्टुडियोमा रेकर्ड गरिएको हो ।

सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बनेको फिल्मकी निर्माता पुजा शर्मा हुन् । फिल्ममा सुशन पाठक कार्यकारी निर्माता छन् ।

फिल्ममा पल शाह, पुजा शर्मा, प्रियंका कार्की, प्रमोद अग्रहरी, निकीता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल, कैलाश रावल, अनिल कुमी, रजिता पराजुली, निमा पाण्डे, विशाल पहारी, सुशान्तकुमार श्रेष्ठ, योगेश भण्डारी, प्रेरणा गिरी र सुहान श्रेष्ठको अभिनय छ ।

फिल्ममा सुदर्शन थापाको कथा, शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तव र राज गौरवको ओरिजिनल हिन्दी स्क्रिप्ट, सौरभ लामाको छायांकन, मिलन श्रेष्ठको सम्पादन, प्रमोद श्रीनिवासनको साउण्ड डिजाइन, निरज सिंह, रेवन आरती सिंहको संगीत, नकासा अजिज, कुनाल गान्जावाला, सोनु कक्करको स्वर, डा. कृष्णहरि बराल र प्रदीप श्रीवास्तवको शब्द, रेवन आरती सिंहको ओरिजिनल ब्याकग्राउण्ड स्कोर, उमेश चौधरीको आर्ट डिरेक्सन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी, श्री श्रेष्ठको एक्सन, समीर मियाँको भीएफएक्स, राजेन्द्र मोक्तानको कलर, विजय बस्यालको पोस्टर डिजाइन, नविन पुरीको प्रोडक्सन डिजाइन छ ।

फिल्मको वितरण आरआर फिल्मसले गर्नेछ भने डिजिटल पार्टनरको रूपमा ओएसआर डिजीटल रहेको छ ।

## ५०० करोड क्लबमा 'स्त्री २'

**मुम्बई –** राजकुमार राव र श्रद्धा कपुर अभिनित बलिउड चलचित्र स्त्री २ बक्स अफिसमा ५ सय करोड क्लबमा सामेल भएको छ । रिलिज भएको तेस्रो हप्तामा चलचित्रले यो कोशेढुंगा पार गरेको हो । स्त्री २ को क्रेज अझै समाप्त भएको छैन । विश्लेषकहरूले चलचित्रले ६ सय करोड भारतीय रूपैयाँसम्म कमाउन सक्ने आंकलन गरेका छन् ।

यो चलचित्र गत अगस्त १५ मा रिलिज भएको थियो । आइतबार २२.१० करोड भारतीय रूपैयाँ कमाउँदै चलचित्रले कूल ५०२.३५ करोड भारु कमाइसकेको छ ।

५ सय करोड क्लबमा सामेल हुने स्त्री २ छैटौं चलचित्र बनेको छ । यसअघि पठान, जवान, गदर २, एनिमल र बाहुबलीले ५०० करोडभन्दा बढीको कमाई गरेको थियो ।

चलचित्रले पहिलो हप्तामा ३०७.८० करोड भारु कमाएको थियो । दोस्रो हप्ता १४५.८० करोड कमाएको चलचित्रले तेस्रो हप्ता ४८.७५ करोड कमायो ।

कमर कौसिकद्वारा निर्देशन गरिएको चलचित्रले दुईवटा चलचित्रसँग भिडे पनि उसको कमाइमा खासै असर परेको देखिएको छैन । *एजेन्सी*



एन्फा महिला लिग

## बागमतीसँग सुदूरपश्चिम पराजित

■ प्रभाव संवाददाता




**काठमाडौं–** अस्मिता खवासको ह्याट्रिकसँगै बागमती युथ क्लबले एन्फा महिला लिगमा विजयी सुरुआत गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार सम्पन्न खेलमा बागमतीले सुदूरपश्चिम प्रदेशलाई ५-१ गोलअन्तरले पराजित गरेको हो ।

बागमतीको जितमा अस्मिताले तीन गोल गरिन् । साहरा लिम्बू र आरती भुजेलले दुई गोल थपिन् । सुदूरपश्चिमका लागि तुलचा बोहराले एक गोल फर्काइन् ।

जितसँगै बागमतीले तीन अंक जोडेको छ । अस्मिताले १७औं मिनेटमा गोल गर्दै बागमतीलाई सुरुआती अग्रता दिलाइन् । त्यसको ९ मिनेटपछि नै साहरा ले बागमतीको अग्रता दोब्बर बनाइन् ।

३७औं मिनेटमा आरतीले अर्को गोल थपिन् । सुदूरपश्चिमकी डिफेन्डर झरना थापामगरले क्लियर गर्नुपर्ने बललाई पेनाल्टी बक्सभित्र नै ब्याक पास दिएपछि झरनाले उक्त बल सहजै जाली चुमाइन् ।

७९औं मिनेटमा अस्मिताले व्यक्तिगत दोस्रो गोल गर्दै बागमतीको अग्रता ४-० मा पुऱ्याइन् । त्यसको तीन मिनेटमै अस्मिताले ह्याट्रिक पूरा गरिन् । निर्धारित ९० मिनेटको खेल सकिन केही मिनेट बाँकी रहँदा तुलचा बोहराले गोल फर्काएपनि त्यो सुदूरपश्चिमलाई पर्याप्त रहेन ।

## गण्डकी थन्डर्सको लोगो सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** एभरेस्ट महिला भलिबल लिग (इडब्लुभिएल) को फ्रेन्चाइजी टिम गण्डकी थन्डर्सले आफ्नो लोगो सार्वजनिक गरेको छ । गण्डकीले सोमबार आफ्नो सामाजिक सञ्जालमार्फत अफिसियल लोगो सार्वजनिक गरेको हो ।

गण्डकीले छिटै आफ्नो विदेशी खेलाडी पनि सार्वजनिक गर्ने टिमका निर्देशक विकास खेतानले जानकारी दिए । इडब्लुभिएल आगामी असोज १४ देखि १९ गतेसम्म त्रिपुरेश्वर स्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुनेछ ।

नेपाली राष्ट्रिय टिमकी स्पाइकर सरस्वती चौधरी मार्की प्लेअर रहेको गण्डकीले नेपाली खेलाडीहरूको नाम यसअघि नै सार्वजनिक गरिसकेको छ । गण्डकीमा राष्ट्रिय टिमका खेलाडी कविता भट्ट र प्रगति नाथ रहेकी छन् । त्यस्तै राष्ट्रिय टिमबाट खेलिसकेकी लक्ष्मी चन्द र रिमा कुँवर छन् ।

टिम आरती चौधरी श्नेहा ठगुन्ना र सरस्वती जैसी रहेका छन् । इन्फिनिटी ड्रिम्सको आयोजनामा पहिलो पटक महिला भलिबलको फ्रेन्चाइज लिग एभरेस्ट वुमन्स भलिबल लिगको पहिलो संस्करणमा ६ टोलीले सहभागिता जनाउनेछन् ।

## इन्ट्रा कप फुटबलको उपाधि सांग्रिला फुटबल क्लबलाई




■ प्रभाव संवाददाता

**न्युयोर्क–** अमेरिकामा सम्पन्न इन्ट्रा कप फुटबलको उपाधि युवातर्फ साङ्ग्रिला फुटबल क्लबले हात पारेको छ । सो क्लबले १५ हजार अमेरिकी डलर र १० तोला सुनको रनिङ कप प्राप्त गऱ्यो ।

त्यसैगरी सिनियर युथ समूहबाट एफसी रिभाइभल, भेट्रान्सतर्फ कोलम्बस भेट्रान्स र महिलातर्फ नर्थ डकोटा साइनिङ स्टार विजयी भएका छन् । उनीहरूले क्रमश, १० हजार, १० हजार र आठ हजार अमेरिकी डलर प्राप्त गरेका छन् ।

उत्तर अमेरिकी क्षेत्रमा बसोबास गर्ने नेपाली मूल वा नेपाली जातिका खेलाडीका लागि मात्र यी खेलहरू आयोजना गरिएको थियो । अमेरिकाको ओहायोस्थित कोप्ले सकर कम्प्लेक्समा आइतबार सम्पन्न यी खेलका विजयी टिमलाई इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेशनका अध्यक्ष डिल्ली अधिकारीले पुरस्कार एवं रकम हस्तान्तरण गरे । प्रतियोगिताका विभिन्न विधाका उपविजेता टिमहरूले क्रमश: १० हजार, आठ हजार र पाँच हजार डलर नगद पुरस्कार प्राप्त गरेका छन् ।

युवातर्फ पथरी एफसी, सिनियर युथतर्फ युनाइटेड ब्रदर्श, भेटान्सतर्फ न्यूयोर्क इन्ट्रा क्लब र महिलातर्फ योद्धा क्लब उपविजेता बनेका थिए । सुनको रनिङ कपको लागि लगातार तीन पल्ट खेल जित्नुपर्ने नियम छ । उपविजेताहरूलाई नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वलसहितले पुरस्कार हस्तान्तरण गरेका थिए ।

अमेरिकाका विभिन्न राज्यमा बसोबास गर्ने नेपाली दर्शकहरूको उपस्थिति रहेको फुटबल उत्सवमा युवा र भेट्रान्सतर्फ गरी अमेरिका र क्यानडाका ३४ टिम प्रतिस्पर्धामा सहभागी भएको प्रतियोगिताका संयोजक चन्द्र पराजुलीले जानकारी दिए । फाउण्डेशनले उत्तर अमेरिकामा बसोबास गर्ने नेपाली मूलका खेलाडीका लागि हरेकबर्ष फुटबल प्रतियोगिता आयोजना गर्दै आएको छ ।



दक्षिणी पेरुको पुनोस्थित अकोरा जिल्लामा अवस्थित मोलिनो समुदायमा भएको घोडा दौडमा भाग लिन आइपेगेका आदिवासी आइमारा समुदायका महिला सवारहरू । पुनो समुद्री सतहबाट चार हजार मिटर उचाइमा अवस्थित छ । *तस्बिरः एएफपी*

# बंगलादेशमा बाढीले ५९ जनाको मृत्यु, हजारौं घरबारविहीन

**ढाका-** बंगलादेशमा बाढीका कारण ११ प्रभावित जिल्लामा कम्तीमा ५९ जनाको मृत्यु हुनुका साथै ५३ लाखभन्दा बढी मानिस प्रभावित भएको द डेली स्टारले जनाएको छ । द डेली स्टारका अनुसार कम आय भएका किसानहरूले बालीनालीका साथै बाढीका कारण घरलगायत जीविकोपार्जनको आधारसमेत गुमाएका छन् ।

बाढीले आफ्नो माटोको घर बगाएपछि बस्ने ठाउँ नभएकाले छिमेकीकोमा शरण लिनुपरेको मौलवीबाजारको कुलौरा उपजिल्लाको मिरपारा गाउँकी ६५ वर्षीया तबाह नुरुन बेगमले बताइन् । वर्षापछिको बाढीले मनु नदीको किनारमा तटबन्ध भत्किँदा घर पानीमा डुबेकाले हाल बाढीको पानी घटे पनि क्षतिग्रस्त घर फर्कन नसकेको सोही गाउँका अटोरिक्शा चालक सुजान मियाले बताए । मिरपाराका बासिन्दा जमशेद अलीले एकमात्र आम्दानीको स्रोत तरकारी बगैंचा बगाएकाले परिवार कसरी बचाउने भन्ने चिन्ता भएको उल्लेख गरे ।

मौलवीबाजार जिल्ला राहत तथा पुनर्वास अधिकारी मोहम्मद सादु मियाका अनुसार जिल्लामा हालै आएको बाढीबाट करिब आठ हजार ७८६ घर क्षतिग्रस्त भएका छन् । उनले बाढीपीडितको पुनःस्थापनाको माग गर्दै सम्बन्धित उच्च अधिकारीहरूलाई पत्र पठाएको बताए ।

बाढीले घर तथा घरका सबै फर्निचरहरू बगाएकाले मर्मतका लागि पैसा नभएकाले आफ्नो परिवारले आफन्तकोमा शरण लिएको बुरिचाङ उपजिल्लाको मोहिस्मारा गाउँका बासिन्दा एमए आजिमले बताए । बुरिचाङ उपजिल्लाकी निर्बाही अधिकारी (युएनओ) शाहिदा अख्तरले यस क्षेत्रमा करिब ४० हजार घर क्षतिग्रस्त भएको जानकारी दिए । आइतबार प्रकाशित सरकारी प्रतिवेदनअनुसार बाढीको अवस्था बिस्तारै सुधार हुँदै गए पनि सात लाखभन्दा बढी परिवार अझै पनि देशभरि बाढीका कारण विस्थापित छन् ।

चट्टोग्राम, फेनी, खागड°ाचारी, हबिगञ्ज, सिलहट, ब्राह्मणबरिया र कक्स बजारलगायतका जिल्लामा बाढी कम भएको विपद् व्यवस्थापन तथा राहत मन्त्रालयको प्रतिवेदनले जनाएको छ ।

यसैबीच मौलवीबाजारमा बाढीको अवस्था सुधार भएको र कुमिला, नोआखली र लक्ष्मीपुरमा स्थिति बिस्तारै सुधार भइरहेको विज्ञप्तिमा उल्लेख छ । प्रतिवेदनमअनुसार हाल सात लाख पाँचहजार ५२ परिवार अझै पनि डुबानमा परेको प्रतिवेदनमा जनाइएको छ ।

बाढी पूर्वानुमान तथा चेतावनी केन्द्रले आइतबार एक बुलेटिनमा अधिकांश प्रमुख नदीहरूका वहाव घट्दो क्रममा भएकाले देशभरि बाढीको स्थितिमा सुधार आउने सम्भावना रहेको जनाएको छ । *रासस/एएनआई*


## बहराईनमा रोजगार

कम्पनी : AL NAMAL CONTRACTING & TRADING CO. WLL
शहर : .........

पूर्व स्वीकृति मिति २०८१/०५/१७ | LT. No. 309884 | चलानी नं. ६०२२४५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker (Construction) | 20 | 0 | 100 | ३५,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1165/073/074
Chinari Overseas Pvt. Ltd.
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com


# अपदस्थ बंगलादेशी नेता भारतका लागि कूटनीतिक टाउको दुखाइ

**नयाँदिल्ली-** विद्यार्थीहरूको नेतृत्वको क्रान्तिका क्रममा हेलिकप्टरमा चढेर बंगलादेशबाट भागेको चार सातापछि पूर्वप्रधानमन्त्री शेख हसिना आफ्नो आतिथ्यताका लागि भारतमा कूटनीतिक टाउको दुखाइ बनेको विश्लेषकहरूले बताएका छन् ।

अधिकारहरूको हनन र विपक्षीमाथि कारबाहीको १५ वर्षपछि प्रदर्शनकारीहरू ढाकामा उनको निवासतर्फ अगाडि बढेपछि हसिनाको कठोर कार्यकाल गत महिना समाप्त भएको थियो । विद्रोहको नेतृत्व गर्ने बंगलादेशी विद्यार्थीहरूले विद्रोहका क्रममा प्रदर्शनकारीहरूको हत्याका लागि उनीमाथि मुद्दा चलाउन उनको सबैभन्दा ठूलो सहयोगी भारतबाट फर्काउन माग गरिरहेका छन् ।

यद्यपि ७६ वर्षीया हसिनालाई फिर्ता पठाउँदा दक्षिण एसियामा आफ्ना अन्य छिमेकीहरूसँग भारतको अवस्था कमजोर बनाउने जोखिम छ । 'भारत स्पष्टरूपमा उनलाई बंगलादेशमा सुपुर्दगी गर्न चाहँदैन,' द्वन्द्व समाधान थिंकटचांक इन्टरनेसनल क्राइसिस ग्रुपका थोमस किनले भने, 'दिल्लीको नजिक रहेका यस क्षेत्रका अन्य नेताहरूलाई पठाउने सन्देश धेरै सकारात्मक हुँदैन, ताकि भारतले तपाईंको रक्षा गर्दैन ।'





### राम्रो सम्बन्ध आवश्यक

नयाँदिल्लीले गत वर्ष माल्दिभ्समा आफ्नो मनपर्ने राष्ट्रपति पदका उम्मेदवारले प्रतिद्वन्द्वीसँग हारेको देखेको छ । हसिनाको पतनबाट भारतले यस क्षेत्रमा आफ्नो सबैभन्दा नजिकको सहयोगी गुमाएको छ । हसिनाको शासनमा पीडित बंगलादेशीहरू उनको सरकारद्वारा भएका दुर्व्यवहारका लागि खुलारूपमा भारतप्रति शत्रुतापूर्ण छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ८४ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा हसिनाको स्थान लिने सरकारलाई समर्थन दिने वाचा गरेका छन् । यद्यपि उनले युनुसको प्रशासनसँग बंगलादेशका हिन्दू धार्मिक अल्पसंख्यकहरूको रक्षा गर्न आग्रह गरेका छन् ।

हसिनाको अवामी लिगलाई बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) को तुलनामा बंगलादेशका हिन्दू अल्पसंख्यकहरूका लागि अधिक सुरक्षात्मक मानिन्छ । मोदीले १७औं शताब्दीको लालकिल्ला माथिबाट आफ्नो वार्षिक स्वतन्त्रता दिवसको सम्बोधनको प्रयोग गरी बंगलादेशी हिन्दूहरू खतरामा रहेको बताए र पछि यो मामिलालाई अमेरिकी राष्ट्रपति जो बाइडेनसमक्ष उठाए ।

हसिनाको पलायनपछि भएका अराजकतामा केही बंगलादेशी हिन्दू र हिन्दू मन्दिरहरूलाई निशाना बनाइयो र यसको विद्यार्थी नेता र अन्तरिम सरकारले निन्दा गरे । तर, पछि सरकार समर्थक भारतीय समाचार च्यानलहरूले हिंसाको अतिरञ्जित विवरणहरू पेस गरेपछि मोदीको भारतीय जनता पार्टी (भाजपा) सँग जोडिएका हिन्दू कार्यकर्ता समूहहरूले विरोध प्रदर्शन सुरु गरे ।

बिएनपीका शीर्ष नेता फखरुल इस्लाम आलमगिरले भारतले हसिनालाई समर्थन गरेर 'आफ्नो सम्पूर्ण फल एउटै टोकरीमा राखेको' र यसलाई कसरी उल्टाउने उसलाई थाहा नभएको बताए ।

हसिनाको कार्यकालमा गिरफ्तार गरिएका हजारौं बिएनपी सदस्यमध्येका एक आलमगिरले भने, 'बंगलादेशीहरू भारतसँग राम्रो सम्बन्ध चाहन्छन् तर आफ्नो स्वार्थको मूल्यमा होइन, दुर्भाग्यवश भारतको रवैया आत्मविश्वास पैदा गर्न अनुकूल छैन ।'

### तानाशाहलाई आश्रय

अविश्वासको वातावरण कतिसम्म भयो भने अगस्टमा दुवै मुलुकमा विनासकारी बाढी आउँदा केही बंगलादेशीले बाढीबाट भएका मृत्युहरूका लागि भारतलाई दोषी ठहऱ्याए । बंगलादेशको अन्तरिम सरकारले सार्वजनिकरूपमा नयाँदिल्लीसँग हसिनाले भारतमा शरण लिएको मुद्दालाई उठाएको छैन । हसिनाको अन्तिम आधिकारिक ठेगाना राजधानी नजिकै एक सैन्य विमानस्थल हो तर ढाकाले उनको कूटनीतिक राहदानी रद्द गरेको छ । यसले उनलाई अगाडिको भ्रमण गर्नबाट रोकेको छ ।

दुवै मुलुकबीच सन् २०१३ मा हस्ताक्षर गरिएको द्विपक्षीय प्रत्यर्पण सन्धि छ । सन्धिले आपराधिक मुद्दाको सामना गर्न फर्कन अनुमति दिन्छ । यद्यपि सन्धिको एक खण्डमा अपराध 'राजनीतिक चरित्र' को भए प्रत्यर्पण गर्न अस्वीकार गर्न सकिने व्यवस्था छ ।

बंगलादेशमा भारतका पूर्वराजदूत पिनाक रञ्जन चक्रवर्तीका अनुसार ढाकाका लागि द्विपक्षीय सम्बन्ध यति महत्त्वपूर्ण छ कि हसिनाको फिर्ताका लागि दबाब दिएर सम्बन्धमा तीक्तता उत्पन्न हुनसक्छ ।

'कुनै पनि परिपक्व सरकारले हसिनालाई भारतमा रहनुलाई मुद्दा बनाएर उनीहरूलाई कुनै फाइदा हुने छैन भन्ने महसुस गर्ने छ,' उनले भने । *रासस/एएफपी*


## साउदीमा रोजगार

कम्पनी : PETAL AL-WARD FLOWERS EST.
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309838 | चलानी नं.६०२२४५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Floweriest /Flower Maker | 1 | 0 | 1500 | ५३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1161/073/74
HALESI OVERSEAS PVT LTD
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208,
E-mail : halesioverseas074@gmail.com

## जोर्डनमा रोजगार

कम्पनी : AL SHARKYYAT FOR INTERMEDIATION IN CALLING FOR OR RECRUITING DOMESTIC WORKERS
शहर : ........

पुर्व स्वीकृति मिति २०८१/०५/१७ | LT. No. 309857 | चलानी नं. ६०२२४५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव USD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker (Experienced) | 0 | 24 | 350 | ४७,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | domestic worker/housemaid | 0 | 25 | 300 | ४०,२९५ | | | | | | | |
| 3 | Office Secretary | 0 | 1 | 400 | ५३,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ५८३/०६२/०६३
Gulf Link Overseas Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Fax: +977-1-4006626, Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com
Website: www.gulflinkoverseas.com

## युएईमा रोजगार

कम्पनी : PARAGON EMPLOYMENT SERVICES L.L.C
शहर : Dubai

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309935 | चलानी नं.६०२२४५६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 200 | 0 | 800 | २९,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1503/074/75
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477


# रूसद्वारा किएभमा ड्रोन, क्रुज र ब्यालेस्टिक मिसाइल आक्रमण

**किएभ-** रुसले किएभमा ड्रोन, क्रुज तथा ब्यालेस्टिक मिसाइलद्वारा आक्रमण गरेको युक्रेनको वायुसेनाले सोमबार बिहान बताएको छ । सोमबार बिहान युक्रेनको राजधानीमा शृंखलाबद्ध धेरै विष्फोट भएका छन् र राजधानीका बासिन्दाहरूलाई बम आश्रय स्थलहरूमा पठाइएको छ ।

किएभका मेयर भिटाली क्लिट्स्कोले आपत्कालीन सेवाहरूलाई किएभको होलोसिभस्की जिल्लामा बोलाइएको बताए । उनका अनुसार शेभचेनकिभ्स्की जिल्लामा भग्नावशेषमा खसेर एक व्यक्ति घाइते भएका छन् । 'हरेक कुराको जवाफ हुने छ, दुश्मनले यो महसुस गर्ने छ,' आक्रमणपछि राष्ट्रपति कार्यालयका प्रमुख एन्ड्री यरमकले टेलिग्राम पेजमा पोस्ट गरे ।



वायुसेनाका अनुसार रुसले किएभलाई लक्षित गर्दै ब्यालेस्टिक मिसाइल प्रक्षेपण र केही ड्रोनका साथ क्रुज मिसाइलका धेरै समूहहरू प्रहार गरेको थियो । किएभ सहरका सैन्य प्रशासनका प्रमुख सेरही पोपकोले युक्रेनको राजधानी र यसका उपनगरहरूमा प्रहार गरिएका १० भन्दा धेरै क्रुज मिसाइल, करिब १० ब्यालेस्टिक मिसाइल र एउटा ड्रोनलाई युक्रेनको हवाई सुरक्षाले नष्ट गरेको बताए ।

युक्रेनी सञ्चारमाध्यमका अनुसार युक्रेनको दोस्रो सबैभन्दा ठूलो सहर खार्किभमा पनि विष्फोट भएका छन् । खार्किभ क्षेत्रका प्रमुख ओलेह सिनिहबोभले खार्किभको इन्डस्ट्रियलनी जिल्लामा बिहानै आक्रमणको पुष्टि गर्दै आक्रमणबाट एउटा आवासीय भवन र अन्य धेरैमा आगो लागेको बताए ।

रुसको सेनाले करिब साढे दुई वर्षदेखि चलिरहेको युद्धको सबैभन्दा ठूलो युक्रेनी आक्रमणमा धेरै रुसी क्षेत्रलाई लक्षित गरी १५८ युक्रेनी ड्रोनहरूलाई रोकेको र नष्ट गरेको रिपोर्ट दिएको एक दिनपछि रुसबाट यो आक्रमण भएको हो । यो आक्रमण रुसको कुर्स्क क्षेत्रमा युक्रेनी सेनाको घुसपैठको केही सातापछि भएको हो । मस्कोको सेनाले अहिलेसम्म युक्रेनी सेनालाई पछाडि धकेल्नका लागि संघर्ष गरेको छ र क्रेमलिनले यसको जवाफ दिने वाचा गरेको छ । *रासस/एपी*


## बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१।०४।१८ (3rd Sep, 2024)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०४।२२ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित दरभाउपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका दरभाउपत्रहरू मध्ये सबैभन्दा न्यूनतम बोलअंक कबोल गर्ने र सारभूत रूपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको दरभाउपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण दरभाउपत्रदाताहरूलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

तपसिल :

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम/ठेगाना | कबोल अंक (मुल्य अभिबृद्धि कर बाहेक) प्रति सि.सि. |
|---|---|---|---|---|
| १. | BM/MOR/G/SQ-01-2081-082 | Procurement of Advertising Agency for Notice Publication in National Daily for 2081.082 | श्री क्वालिटि मिडिया हाउस इटहरी, सुनसरी | रु.२७५ (अक्षरेपि दुई सय पचहत्तर रूपैया मात्र मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५२००० | प्रति तोला - - | प्रति तोला - १७७५ |



**जुम्लाको मार्सी खेती** | जुम्लाको चन्दननाथ नगरपालिका-७ मा रोपिएको मार्सी धानको हरियाली फाँट। अग्लो स्थानमा यहाँ फल्ने मार्सी धानको स्वदेश तथा विदेशमा माग बढ्दो क्रममा रहेको छ। *तस्बिरः विजय रावत/रासस*

## तीन प्रतिशत ब्याजदरमा एक अर्ब 'स्टार्टअप कर्जा' दिँदै सरकार

■ प्रभाव संवाददाता

**काठमाडौं-** नेपाल सरकारले एक अर्ब रूपैयाँ रकम स्टार्टअप कर्जाको रूपमा प्रदान गर्ने भएको छ। स्टार्टअप कर्जा प्रवाहका लागि औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय वाणिज्य बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम सम्मपन्न भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सोमबार समझदारी भएको हो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले नेपालमा नै केही गर्न प्रोत्सान गर्नका लागि १ अर्ब स्टार्टअप कर्जा वितरणको लागि सम्झौता भएको बताए।

उनले भने, 'नेपालमा नै उद्योग व्यवसायी सञ्चालन गर्नका लागि सरकारले बजेट मार्फत नै १ अर्ब रूपैयाँ पैसा स्टार्टअप व्यवसाय गर्नको लागि दिने व्यवस्था गरेको थियो। त्यही व्यवस्था अनुसार आज मन्त्रालयमा औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय वाणिज्य बैंक र निक्षेप तथा कर्जा सुरक्षण कोषबीच त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको छ। स्टार्टअफको लागि केही समय पहिले नै सूचना निकालेको थियो। त्यसै अनुसार कर्जा प्रभाव गर्नका लागि आज सम्झौता गरेका हौं।'

उद्योग सचिव कृष्णबहादुर राउतले नेपालमा नै रोजगारी र उत्पादन वृद्धि गर्नको लागि सरकारले स्टार्टअप कर्जा प्रभाव गरिरहेको बताए।




यो समझदारीसँगै औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको सिफारिसमा स्टार्टअप कर्जा राष्ट्रिय वाणिज्य बैंकले दिने छ। राष्ट्रिय वाणिज्य बैंकले परियोजनाको प्रकृतिको आधारमा ५ लाखदेखि अधिकतम २५ लाख रूपैयाँसम्म स्टार्टअप उद्यम कर्जा प्रदान गर्नेछ। बैंकले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजना नै धितोको रूपमा राख्नेछ।

कृषि तथा पशुपन्छीसँग सम्बन्धित, वन पैदावारसँग सम्बन्धित, पर्यटन प्रवर्द्धन तथा मनोरञ्जन र अतिथि सत्कारसँग सम्बन्धित, विज्ञान, प्रविधि, सूचना तथा सञ्चारसँग सम्बन्धित, अटो मोबाइल सम्बन्धित, परम्परागत प्रविधि, उत्पादन र सेवा प्रवाहको प्रक्रिया सुधारसँग सम्बन्धित, घरायसी वा दैनिक जीवनयापनसँग सम्बन्धित, खाद्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित लगात विभिन्न क्षेत्रलाई स्टार्टअप कर्जा प्रदान हुने छ।

## डिडिसीलाई ६० करोड ऋण लगानी गर्न अर्थको स्वीकृति

■ प्रभाव संवाददाता

**काठमाडौं-** अर्थ मन्त्रालयले निश्चित शर्तसहित दुग्ध विकास संस्थानमा ६० करोड रूपैयाँ ऋण लगानी गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न कृषि तथा पशुपन्छि विकास मन्त्रालयलाई सहमति दिएको छ।

दुग्ध विकास संस्थानले यो रकम तत्कालका लागि किसानहरूलाई दुधको बाँकी रकम भुक्तानीमा प्रयोग गर्न सक्नेछ।

चालु आर्थिक वर्षका लागि दुग्ध विकास संस्थानको नाममा ऋण लगानी अन्तर्गत १ करोड रूपैयाँ बजेट व्यवस्था भएकोमा कृषि मन्त्रालयमा विनियोजित रकमबाट थप ५९ करोड रूपैयाँ रकमान्तर गरी कूल ६० करोड ऋण लगानी गर्ने गरी मन्त्रिपरिषमा प्रस्ताव पेश गर्न सहमति दिइएको हो।

यस सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि सरकारले संस्थानमा ऋणको रूपमा लगानी गर्नेछ।

दुग्ध विकास संस्थानबाट दुधको भुक्तानी नपाएको भन्दै किसानहरूले भुक्तानीका लागि माग गर्दै आएका छन्। किसानलाई दुधको बाँकी रकम भुक्तानी गर्ने विषयमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी, दुग्ध विकास संस्थानका अधिकारीबीच पटक पटक छलफल भएको थियो।

## नेप्सेमा १२७ अंकको उछाल

■ प्रभाव संवाददाता

**काठमाडौं-** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सोमबार उच्च अंकले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक एक सय २७ दशमलव ३२ अंकले उकालो लागेर दुई हजार आठ सय २३ दशमलव २५ मा पुगेको छ।

यस्तै ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २२ दशमलव ९४ अङ्ले उकालो लागेर पाँच सय तीन दशमलव ८३ मा पुगेको छ। कूल तीन करोड १४ लाख ३० हजार ४८ कित्ता सेयर रु १३ अर्ब १० करोड ४६ लाख ३१ हजार आठ सय दुईमा कारोबार भयो।

नेप्सेका अनुसार, नेशनल हाइड्रोपावर, वेस्ट फाइनान्स, समृद्धि फाइनान्स, प्रोग्रेसिभ फाइनान्स र एनएलजी इन्स्योरेन्स कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। लक्ष्मी उन्नति कोष चार दशमलव ७१, माईखोला हाइड्रोपावर तीन दशमलव ५९, एनआइसी एसिया फ्लेक्स एक दशमलव ८७, सनराइज फोकस्ड इक्विटी फण्ड एक दशमलव ८१ र सामुदायिक लघुवित्तका लगानीकर्ताले एक दशमलव ६१ प्रतिशतले गुमाएका छन्।

## कर्पोरेट

### सिटिजन्स क्यापिटलको १८औं साधारणसभा सम्पन्न




**काठमाडौं (प्रस)-** सिटिजन्स क्यापिटल लिमिटेडको १८औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। संस्थाको अठारौं साधारण सभाले आ.व.२०८०/८१ को मुनाफाबाट १५.५० प्रतिशत नगद लाभांश बाड्ने प्रस्ताव पारित गरेको छ। वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरूमा आ.व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सानीको हिसाब, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू पारित गरेको छ। साथै, आ.व. २०८१/८२ को लागि लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण, संस्थाको नियमावली अनुसार गरिएको संचालकको नियुक्ति अनुमोदन र संचालकहरूको बैठक भत्ता परिमार्जन गरेको छ।

नेपाल धितोपत्र बोर्डबाट सामुहिक लगानी कोषको व्यवस्थापन, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट), धितोपत्र प्रत्याभूतिकर्ता (अण्डर राइटर), सेयर रजिष्ट्रार तथा डि-म्याट खाता जस्ता लगानीकर्ताहरूसँग प्रत्यक्ष सरोकारका कामहरू गर्न अनुमति प्राप्त भएको सिटिजन्स क्यापिटल लिमिटेड सिटिजन्स बैंकको सहायक कम्पनी रहेको र यो कम्पनीमा श्री कर्मचारी संचय कोष तथा प्रतिष्ठित उद्योगी व्यवसायीहरूको सह-लगानी रहेको छ। काठमाडौं डिल्लीबजार स्थित बाटुलेघरमा संस्थाको रजिष्ट्रर कार्यालय रहेको छ।

काठमाडौं बाहिरका लगानीकर्ताहरूले पूँजीबजारमा प्रत्यक्ष रूपमा सहभागी भई लगानी गर्न समस्या रहेको हालको परिस्थितिमा संस्थाले लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर) को सेवा सिटिजन्स बैंकका देशभरीका सम्पूर्ण शाखा कार्यालयहरूबाट प्रदान गरी इच्छुक लगानीकर्ताहरूलाई संस्थाको विज्ञ तथा अनुभवी व्यवस्थापन समुहबाट सेवा प्रदान गर्दै आएको छ।

### सिद्धार्थ बैंक र अकामा होटेलबीच सम्झौता



**काठमाडौं (प्रस)-** सिद्धार्थ बैंकका ग्राहकहरूलाई अकामा होटेलमा १५ प्रतिशतसम्मको छुट हुने भएको छ।

सिद्धार्थ बैंक र अकामा होटेलबीच बैंकका ग्राहकहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ। सम्झौता अनुसार बैंकका ग्राहकहरूले धुम्बाराही स्थित अकामा होटेलमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ सेवाबाट भुक्तानी गर्दा फुड र बेभरेज साथै हेल्थ क्लब सुविधामा १५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन्।

यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ।

विज्ञापन कारोबारलाई पारदर्शी बनाऔं

सरकारी निकायले विज्ञापन गर्दाः

- सञ्चारमाध्यमको बीलको आधारमा भुक्तानी गरौं,
- विज्ञापन एजेन्सीमार्फत् विज्ञापन प्रकाशन/प्रसारण गरेको भए सञ्चारमाध्यमको बीलको प्रतिलिपि संलग्न गरी एजेन्सीको सेवा शुल्क खुल्ने बीलको आधारमा मात्र भुक्तानी गरौं,
- सरकारी विज्ञापनको भुक्तानी गर्दा कर कट्टा गरी बाँकी रकमको तीन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं,
- विज्ञापन बोर्डमा सूचीकृत सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः:arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ